नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १७२ | २०८० साल वैशाख २१ गते बिहिबार | Thursday 4, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# सिडिओद्वारा नापी प्रमुख दुई घण्टा नियन्त्रणमा

*'वीरगंज महानगर अन्तर्गतको नगर विकासको जग्गामा रहेको सडकको नापजाँच एक हप्ता भित्रमा सक्ने सहमतिपछि नापी प्रमुख नारायण श्रेष्ठलाई कागज गरेर छाडिएको हो'*





**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख।**
जिल्ला प्रशासन कार्यालय पर्साले नापी कार्यालय पर्साका प्रमुख नारायण श्रेष्ठलाई २ घण्टा नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका भित्रका सार्वजनिक ऐलानी जग्गा नाप जाँच गर्न प्रमुख जिल्ला अधिकारी (सिडिओ) कै रोहबरमा बसेको बैठकले गरेको निर्णयअनुसार काम गर्न आलटाल गर्नुका साथै घुस मागेको पाइएपछि नापी प्रमुख श्रेष्ठलाई २ घण्टा नियन्त्रणमा राखिएको हो ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले जिल्ला प्रशासन कार्यालयमा भएको निर्णयबमोजिम जग्गा नापजाँच गरिदिन पटकपटक आग्रह गर्दा पनि नापी प्रमुख श्रेष्ठले अटेर गर्दै आएका थिए ।

महानगर प्रमुख सिंहले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई काम गर्न आलटाल गरेको र घुस माग गरेको जानकारी दिएसँगै नापी प्रमुख श्रेष्ठलाई २ घण्टा नियन्त्रणमा राखिएको जनाइएको छ ।

नापी प्रमुख श्रेष्ठले सेवाग्राहीलाई पनि दुःख दिने, घुस माग गर्ने गरेको सूचना आफूसँग आएको र महानगर प्रमुखले नै यसबारे जानकारी गराएपछि आफूले नापी प्रमुख श्रेष्ठलाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले बताए ।

महानगर प्रमुखले सार्वजनिक जग्गा नापी गर्न पटकपटक आग्रह गरे पनि विभिन्न बहाना बनाउने श्रेष्ठले सर्वसाधारण सेवाग्राहीसँग पैसा नलिई काम नगर्ने प्रवृत्ति देखिएपछि उनलाई नियन्त्रणमा लिइएको थियो ।

नापी प्रमुखलाई २ घण्टा नियन्त्रणमा लिएको र महानगर प्रमुखसँग सहमति भएपछि छाडिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । महानगर अन्तर्गतको नगर विकासको जग्गामा रहेको सडकको नापजाँच एक हप्ता भित्रमा सक्ने सहमतिपछि नापी प्रमुख श्रेष्ठलाई छाडिएको हो ।

आउँदा दिनमा सेवाग्राहीलाई झुलाउने र दुःख दिने प्रवृत्ति नदोहोर्याउने कागज गरेर श्रेष्ठलाई छाडिएको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

यता महानगर प्रमुख सिंहले नापी प्रमुखले प्रमुख जिल्ला अधिकारीकै रोहवरमा भएको निर्णयबमोजिम काम गर्न आलटाल गरेपछि कारबाहीका लागि आाफूले प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरेको बताए ।

# ८० वर्षको उमेरमा पेन्सन मार्दै सर्वोच्चमा

**विकास अग्रवाल**
**रौतहट, २० वैशाख।**
अवकाश पाएको डेढ वर्ष बितिसक्दा पनि मन्त्रालयले आवश्यक कागजात तयार नगर्दा एक पूर्व सरकारी कर्मचारी आर्थिक संकट खेप्दै तालुकदार निकाय धाइरहेका छन् ।



जिल्ला वन कार्यालय पर्साबाट अवकाश पाएका गौर नगरपालिका-३ का सहायक वन अधिकृत शशीकान्त तिवारी पेन्सनका लागि उद्योग, पर्यटन तथा वन मन्त्रालयले आवश्यक कागजात तयार नगर्दा आर्थिक संकटमा परेका हुन् । सहकर्मीले गरेको अनियमितताबारे आवाज उठाउँदा मन्त्रालयले जानिजानी विभिन्न कारण देखाई पेन्सन रोक्दा तिवारी आर्थिक समस्यामा परेका हुन् । अवकाश प्राप्त अन्य कर्मचारीसरह पेन्सन पाउनुपर्ने माग राख्दै उनले वन मन्त्रालयविरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत दिएका छन् । २०४३ साल साउन ६ गते देखि रेन्जर पदमा जागिर खाएर उमेर हदका कारण २०७८ असोज १३ गते जिल्ला वन कार्यालय पर्साबाट अवकाश पाएका तिवारी विभिन्न रोगले ग्रसित भए पनि आफूले न्याय पाउनेमा विश्वस्त छन् । ८० वर्षीय तिवारीलाई मधुमेह, थाइराइड, ब्लडप्रेसरलगायतको समस्या देखिँदा आर्थिक अभावका कारण समस्या परेको छ । जागिरे रहँदा कर्मचारी सञ्चय कोषमा जम्मा भएको ४ लाख २५ हजार ४ सय ८१ रुपैयाँसमेत मन्त्रालयले आवश्यक कागजात नदिँदा पाउन नसकेको गुनासो तिवारीको छ । जागिरक्रममा सिन्धुली, पर्वत, कपिलवस्तु, ललितपुर, धादिङ, बारा, पर्सा, रौतहटलगायतको स्थानमा रहेर इमानदारिताका साथ कर्तव्य निर्वाह गरेको भए पनि सरकारले बेवास्ता गर्दै झन् पीडित बनाएको आरोप उनले लगाए । विभिन्न जिल्लाका वन कार्यालय तथा मातहतका रेञ्जपोष्टमा कार्यरत रहँदा आफ्नै सहकर्मीले गर्ने अनियमितताविरुद्ध आवाज उठाउँदा मन्त्रालय र सहकर्मीबाटै षड्यन्त्रको सिकार भएको उनले बताए । अवकाश प्राप्त हुनुअगावै डिभिजन वन कार्यालय पर्सामा कार्यरत प्रशासन, वन व्यवस्थापन, योजना, स्टोर, लेखा शाखाले तिवारीउपर कार्यालयको सरकारी, नगदी, जिन्सीलगायतको सरसमान नरहेको भन्दै सफाइ पत्र समेत उपलब्ध गराएको भए पनि मन्त्रालयले अनावश्यक दुःख दिने नियतले पेन्सन रोकेको उनको आरोप छ ।

मन्त्रालयले विभिन्न बहाना बनाई दुःख दिइरहेकाले आफू पेन्सन खानबाट वञ्चित हुनुपरेको दुखेसो पोख्दै उनले भने, 'न्यायका लागि सर्वोच्च अदालतको ढोका चाहर्दा समेत उताबाट पनि कुनै सुनुवाइ हुनसकेको छैन ।'

नियमानुसार पेन्सन नपाउँदा उपचार तथा दैनिक जीवनयापनमा समस्या उत्पन्न भइरहेको उनले बताए । यता उद्योग, पर्यटन तथा वन मन्त्रालय मधेश प्रदेशका वन सचिव जगरनाथ जयसवालले तिवारीका नाममा बेरुजु रहेकाले पेन्सन प्रक्रियामा ढिलाइ भएको जिकिर गरे । बारामा रहँदा उनका नाममा रहेको बेरुजु फर्स्योट नभएकाले पेन्सन पट्टा रोकिएको उनले जानकारी दिए ।

# अनुगमनमा निजी विद्यालयकै आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रका दर्ताविना तथा नियमविपरीत सञ्चालनमा रहेका निजी विद्यालयको विद्यालय संरक्षण समितिले गरेको अनुगमनप्रति केही निजी विद्यालयले आपत्ति जनाएका छन् ।




प्याब्सन, एनप्याब्सन र मधेश प्याब्सनले संयुक्तरुपमा विद्यालय संरक्षण समिति गठन गरी जनकपुरधामका निजी विद्यालयमा अनुगमन गरेपछि केही विद्यालय सञ्चालकले आपत्ति जनाएका हुन् । निजी विद्यालयका संस्थापक तथा प्रधानाध्यापकहरुको समितिका नाममा सोमबार बिदाका दिनमा समेत एक दर्जन भन्दा बढी निजी विद्यालय पुगी डरत्रास देखाउनुका साथै अभद्र व्यवहार गरेको उनीहरुको आरोप छ । केही निजी विद्यालयका सञ्चालकले गैरकानुनीरुपमा अनुगमन गरिएको र शान्ति सुरक्षा कायम गराइदिन तथा अनधिकृत अनुगमन रोकेर सहजरुपमा विद्यालय सचालन गर्ने वातावरण बनाइदिन अनुरोधसहित मधेश प्याब्सन, प्याब्सन र नेपाल प्याब्सनमा आवद्ध पदाधिकारीले नै संयुक्तरुपमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर, शिक्षा प्रमुख र धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीलाई निवेदन दिएका हुन् ।

विद्यालय संरक्षण समितिका अध्यक्ष अवधेश तिवारीले अनुगमनक्रममा डरत्रास र धम्की देखाएको विषय झुठो र भ्रामक रहेको बताए । तीनवटै संस्था मिलेर संयुक्तरुपमा विद्यालयहरुमा लागु हुने गरी चार्ट तयार गरी पठाइएको र सोही चार्ट कार्यान्वयन भए नभएको अनुगमन थालिएको बताउदै विद्यालयकै हितका लागि काम गरिरहँदा धाकधम्कीको आरोप लाग्नु गलत रहेको बताए । अनुगमनक्रममा नियमितरुपमा सञ्चालनमा रही दर्ताविना सञ्चालन, अनुमति पाएको भन्दा बढी कक्षा सञ्चालन, विना टिसी विद्यार्थी भर्ना तथा सामुदायिक विद्यालयमा नाम दर्ता भएका विद्यार्थीलाई पढाइरहेका संस्थागत विद्यालयलाई कारबाही प्रक्रियामा जाने संयोजक तिवारीले जानकारी दिए । यता, जनकपुरधाम उपमहानगरपालिकाकी शिक्षा शाखा प्रमुख अन्जु पाण्डेले उपमहानगरले छिट्टै अनुगमन गर्ने र अहिले भइरहेको अनुगमन प्याब्सन, एनप्याब्सन र एम प्याब्सनको मात्रै अनुगमन रहेको बताइन् । अनुगमनमा समितिका सहसंयोजकद्वय रविन्द्र चौधरी र सुजित कुमार मिश्र, प्याब्सन धनुषाका पूर्वअध्यक्ष विश्वलाल सिंह, आशिष झा, डिएन पाण्डे, डिके चौधरी, दिपक ठाकुर, अमन यादव, शिव कुमार राउतलगायतका संस्थागत विद्यालयका सञ्चालकको सहभागिता छ ।



# पत्रकार महासंघ धनुषाद्वारा प्रभातफेरी




**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
नेपाल पत्रकार महासंघ धनुषा शाखाले ३०औं विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा प्रभातफेरि निकालेको छ।

महासंघ धनुषाका अध्यक्ष मनिका झाको अध्यक्षतामा स्थानीय जानकी मन्दिरबाट निस्केको प्रभातफेरि नगर परिक्रमा गर्दै पत्रकार महासंघ पुगेर समापन गरिएको थियो ।'स्वतन्त्र एवं बहुलवादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको दिनको सम्झनामा बुधबार विश्व प्रेस स्वतन्त्रता दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको हो। संयुक्त राष्ट्र संघीय निकाय युनेस्कोको आयोजनामा नामिबियाको विन्डहक शहरमा भएको पत्रकारहरुको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो। त्यसलाई नै आधार मानेर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइन्छ।

घोषणा पत्र जारी गरेको दिनको सम्झनामा सन् १९९३ देखि हरेक बर्ष यो दिवस पत्रकारहरुले उत्सवको रुपमा मनाउँदै आएका छन् ।संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेसँगै नेपालमा पनि मे ३ का दिन पत्रकार महासंघलगायत सञ्चार संघसंस्थाहरुले विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आएको छ।

# मन्त्री आवासीय परिसरमा सरसफाई




**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
सरसफाई दूत धीरेन्द्र साहको नेतृत्वमा बुधबार मन्त्री निवास परिसरमा सरसफाई अभियान गरिएको छ।

मधेस प्रदेशका वन तथा वातावरण मन्त्री सुनिता यादवले फोहोर डस्टबिनमा मात्रै फाल्न आग्रह गरिन । उनले स्वच्छ जनकपुरधामको निमार्णका लागि फोहर व्यवस्थापनमा ध्यान दिन आग्रह गरेकी थिइन कार्यक्रममा वन तथा वातावरण मन्त्रीका तर्फबाट सचिव अजय जैसवाल, जास्पाका नगर अध्यक्ष रामचन्द्र पञ्जियार, होटल सिटी पार्ककी निर्देशक हेमता सुवेदी, राजर्षि जनक विश्व विद्यालयकी प्रा. पुनम साहलगायतको उपस्थिति रहेको थियो । सरसफाई अभियानमा सशस्त्र बलका जवानहरुको समेत सहभागिता रहेको थियो।

# जसपा विधान अधिवेशनको तयारीमा



**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) विधान अधिवेशनको तयारीमा जुटेको छ।

जेठ १ गतेदेखि हुने विधान अधिवेशनको तयारी लगभग पूरा भएको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए। उनका अनुसार विधानको मस्यौदा तयार भइसकेको र त्यसका लागि मागिएको सुझाव लगभग सातै प्रदेशबाट प्राप्त भइसकेकाले अब केही दिनमा बैठक बसेर त्यसलाई अन्तिम रुप दिइने छ ।विधान अधिवेशनमा क-कसलाई प्रतिनिधि बनाउने भन्ने मापदण्ड पनि तयार भइसकेको पार्टीले जनाएको छ । प्रतिनिधि चयन गर्नेसम्बन्धी मापदण्ड तयार गर्ने जिम्मेवारी कार्यकारिणी सदस्य रकम चेम्जोङ, विजय यादव र मनिष सुमनलाई दिइएको र उनहरूले मापदण्ड तयार गरी पार्टीलाई बुझाइसकेको समेत प्रचार विभाग प्रमुख बस्नेतले बताए । यसअघि चैत २६ गतेदेखि २८ गतेसम्म विधान अधिवेशन गर्ने तय भएको भए पनि उपनिर्वाचनका कारण अधिवेशन आउँदो जेठ १ देखि ३ गतेसम्म काठमाडौंमा हुने गरी सारिएको थियो। विधान अधिवेशनमा पेस गरिने विधानको मस्यौदा पार्टी अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा गठित कार्यदलले तयार गरेको हो। विधान संशोधन मस्यौदामा केन्द्रीय समितिको सदस्य सङ्ख्या घटाउन प्रस्ताव गरिएको छ। विधानको मस्यौदामा एक सय ५१ सदस्यीय कार्यसमितिको प्रस्ताव गरिएको छ, भने मस्यौदामा केन्द्रीय समितिमा ४० प्रतिशत युवा हुनुपर्ने तथा ७० वर्ष पूरा भएको व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन वा बस्न नपाउने व्यवस्था गरिएको छ।

केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिविम्बित हुने गरी पार्टी सदस्य सङ्ख्याको अनुपातमा मधेशी, आदिवासी जनजाति, थारू, दलित, महिला, खस आर्य, मुस्लिम र अल्पसङ्ख्य गरिएको सङ्ख्यक समुदाय जातीय, सामाजिक समूहबाट ७० प्रतिशत र खुल्ला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्य निर्वाचित हुने भनि

# धनुषाबाट ६२१ फरार प्रतिवादी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
धनुषा प्रहरीले चालू आर्थिक वर्षमा विभिन्न मुद्दाका फरार ६ सय २१ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले पुसदेखि वैशाख १० गतेसम्म मात्रै ५ सय ३९ जनलाई पक्राउ गरिएको प्रहरी प्रमुख एसपी विश्वराज खड्काले बताएका छन् ।फरार प्रतिवादीहरूबाट जरिवाना बापत ३७ लाख ४९ हजार ७९० रुपैयाँ र कैद सजायतर्फ १९८ वर्ष १० महिना २९ दिन असुल गरिएको एसपी खड्काले जानकारी दिए। उनका अनुसार हाल चालू मुद्दा ३३ र पेण्डिङ्ग मुद्दा ६०९ वटा रहेको छ ।पक्राउ पर्ने प्रतिवादीहरू बैकिङ्ग कसूर मुद्दा, हातहतियार खरखजाना कर्तव्य ज्यान, अंगभंग र जबरदस्ती करणी मुद्दामा कैद तथा जरिवाना फैसला भई फरार रहेका हुन् ।अदालतबाट फैसला कार्यान्वयनका लागि प्राप्त फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउने उद्देश्यले सञ्चालित फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत तिनीहरूलाई पक्राउ गरिएको उनले बताए।

लामो समयदेखि अदालतबाट कैद तथा जरिवानाको फैसला भई कानुनी कारबाहीको दायराबाट भाग्दै लुकीछिपी बस्दै आएका फरार प्रतिवादीहरूलाई जिल्लाका विभिन्न ठाउँबाट पक्राउ गरिएको एसपी खड्काले बताए।

# कानुन व्यवसायीको धर्ना तेस्रो दिन पनि जारी



**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख।**
समग्र न्यायपालिकामा भइरहेको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य तथा न्यायपालिकाको जनआस्था अभिवृद्धिका लागि जनकपुरधाममा तेस्रो दिन पनि दबाबमूलक कार्यक्रमको आयोजना गरिएको छ। विभिन्न ८ बुँदे मागसहित जनकपुरधामका कानुन व्यवसायीहरु बुधबार तेस्रो दिन पनि नेपाल बार एसोसिएसन जनकपुरधामको मूलगेटमा धर्नामा बसेका हुन् ।केन्द्रीय बारको आग्रहअनुसार विभिन्न जिल्लामा आन्दोलन सुरु गरिएको र त्यसै क्रममा नेपाल बार एसोसिएसन जनकपुरले पनि आइतबारदेखि समग्र न्यायपालिकाको सुधारका लागि दबाबमुलक धर्ना कार्यक्रम प्रारम्भ गरेको थियो ।कानुन व्यवसायी विपिन झाले स्वतन्त्र न्यायपालिकाको रक्षा गर्नुपर्ने, न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य गर्नुपर्ने, पूर्ण स्वचालित पेसी व्यवस्थापन प्रणाली लागू हुनुपर्ने, प्रधानन्यायाधीशको नियुक्ति अविलम्ब हुनुपर्ने, सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त रहेका न्यायाधीश यथाशीघ्र नियुक्त गर्नुपर्ने, सवैधानिक दायित्व पुरा गर्नुपर्ने, संवैधानिक परिषद्को बैठक अविलम्ब बोलाउनुपर्ने र संसदीय सुनुवाई समिति गठन गर्नुपर्नेलगायतका माग आफूहरुको रहेको बताएका छन्।

# ट्रक दुर्घटनामा तीनको मृत्यु

**मधेशदृष्टि**
**तनहुँ, २० वैशाख।**
तनहुँमा ट्रक पल्टिई घरमा ठोकिँदा ३ जनाको मृत्यु भएको छ भने अरु ५ जना घाइते भएका छन्।
बुधबार बिहान ९ बजेर २० मिनेट जाँदा बन्दीपुर गाउँपालिका वडा नम्बर ५ आँधीखोलास्थित पृथ्वी राजमार्ग सडक खण्डमा डुम्रेबाट मुग्लिन जाँदै गरेको ना ४ ख १९७३ नम्बरको ट्रक अनियन्त्रित भई सडकको छेउमा रहेको सुनमाया भुजेल र सनबहादुर भुजेलको घरमा ठोकिएको थियो । दुर्घटनामा ८ जना घाइते भएको र सबैलाई उपचारको लागि चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुर पठाएकोमा ३ जनाको उपचारक्रममा अस्पतालमा मृत्यु भएको तनहुँका प्रहरी नायव उपरीक्षक मोहनबहादुर खाणले जानकारी दिए।

बन्दीपुर गाउँपालिका वडा नम्बर १ का १२ वर्षीय आयुश भुजेल, ५० वर्षीय चेतबहादुर घर्ती र ६९ वर्षीय सनबहादुर भुजेलको मृत्यु भएको खाणले बताए। ५ जना घाइतेको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# अब ऋण काढेर अधिकृत खोज्न जान्नँः मेयर



**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख।**
'एकपटक काठमाडौँ जाँदा ५० हजार रुपैयाँ भन्दा बढी खर्च हुन्छ, १५ पटक धाइसकेँ, ऋण लिएर कतिपटक काठमाडौँ जाउँ, अब जाँन्न,' बाराको महागढीमाइ नगरपालिकाका मेयर उपेन्द्रप्रसाद यादवले भने, 'आफ्नै पार्टीका नेता र मन्त्रीले वास्तै गर्दैनन्, अरु पार्टी र गठबन्धनमा भन्दा पनि सुनुवाई हुँदैन।'

बुधबार मेयर यादवले पाँचदलीय गठबन्धनका नेता र सरकारका मन्त्रीलाई विश्वप्रसिद्ध बाराको गढीमाइ मन्दिरसँगै महागढीमाई नगरपालिकामा प्रवेश निषेध भन्दै सामाजिक सञ्जाल फेसबुकमा लेखेपछि साँझ मधेशदृष्टिसँगको प्रतिक्रिया हो यो।

'मेरै पार्टीले कारबाही गरे पनि डर छैन, यो गठन्धन जनतालाई दुःख दिन र दलहरुको भागवण्डा मिलाउन मात्रै भएको जस्तो भान भएको छ,' यादवले भने, 'चार महिनादेखि प्रमुख प्रशासकीय अधिकृत छैनन्, जति पटक मन्त्रालय गयो, पठाइदन्छु भन्छन्, पठाउँदैनन्, यो महिना ९० प्रतिशत योजना सम्झौता गरेर काम गर्नु पर्ने महिना हो, यस्तो बेला स्ट्याटस लेखेर बस्नु परेको छ।'

उनले बुधबार दिउँसो फेसबुकमा लेखेका थिए, ' बारा जिल्ला क्षेत्र नम्बर २ मा महागढीमाई नगरपालिकाअन्तर्गत श्री गढीमाई मन्दिरको प्रांगणमा तथा यस नगरपालिका क्षेत्रभित्र पाँचदलीय गठबन्धनका नेतागण तथा मन्त्रीज्यूहरूको प्रवेश निषेधित गरिएको कुरा सबैमा जानकारी गराउन चाहन्छु। धन्यवाद।'

फागुनको सुरुमै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तफा सरुवा भइ अन्त गएपछि महागढीमाई नगरपालिकाको कार्यालय प्रमुख प्रशासकीय अधिकृतविहीन छ। मन्त्रालयले अर्को प्रमुख प्रशासकीय अधिकृत नपठाइदिँदा नगरपालिकाका कर्मचारीले तलबसमेत खान नपाएको, आर्थिकदेखि प्रशासनिक काम ठप्प भएको, सेवाग्राहीको काम नहुँदा कर्मचारी र जनप्रतिनिधि आलोचित हुनु परेको मेयर यादवको भनाइ छ।

'न सरुवा गर्दा सोधपुछ हुन्छ, न नयाँ आउनेबारे जानकारी हुन्छ,' मेयर यादवले भने, '५ महिना भयो कर्मचारीलाई तलब दिन सकिएको छैन, मन्त्री भोलि र पर्सि भनेर टार्छन्, जनताले दुःख पाएको कहिले थाहा पाउँछन्, अब म पनि ऋण गरिगरी कार्यकारी खोज्न काठमाडौँ नजाने भएको छु, हैरान भएर फेसबुकमा आफ्नै पार्टी, गठबन्धन र नेताहरुलाई यस्तो लेखेको हुँ, आउने पनि उपसचिवस्तरका हुन्, हत्पत्ति आउन मान्दैनन्।'

यादव वैशाख १० गते सम्पन्न उपनिर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादव जिताउन सक्रिय जनप्रतिनिधि हुन्।

# मिटरब्याजीबारे जाँचबुझ आयोग सर्लाहीमा



**मधेशदृष्टि**
**मलंगवा, २० वैशाख।**
मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगले सर्लाहीमा बुधबार मिटरब्याजी सुदखोर र पीडितको अवस्थाको बारेमा जानकारी लिएको छ।

मधेश प्रदेशको राजधानी जनकपुरमा मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगको कार्यालय स्थापनापश्चात आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्य उत्तमराज सुवेदी सर्लाहीमा आएर मिटरब्याजका बारेमा जानकारी लिएका हुन् ।सदरमुकाम मलंगवास्थित जिल्ला प्रशासन कार्यालयमा आयोगका पदाधिकारीद्वयले मिटरब्याजपीडित, नागरिक समाज, जनप्रतिनिधि, दलका प्रतिनिधि, सुरक्षा अधिकारी, मिटरब्याजविरुद्धका अभियन्तालगायत अन्य सरोकारवालासँग छलफल गरी प्रारम्भिक अवस्था बुझेका हुन् ।छलफलमा मिटरब्याजविरुद्धको उजुरी दर्ता र फर्छ्यौट गर्ने सहायता कक्षलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, सरकारले जिल्ला प्रशासनमा निवेदन दिन तोकेको मितिभित्र उजुरी दर्ता गराउने र सोको फर्छ्यौट गरी पीडितलाई सहयोग गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ आयोगले अगामी वैशाख ३१ गतेसम्म उजुरी दिन मिटरब्याज पीडितलाई आह्वान गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा अहिलेसम्म मिटरब्याजीका विरुद्धमा ६ सय ८० उजुरी परेको तथ्यांक छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# पर्सालाई मल बढाउन मन्त्रीको निर्देशन



**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख।**
उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले रासायनिक मलको वितरण प्रक्रिया सहज र व्यवस्थित बनाउन निर्देशन दिएका छन् । बुधबार वीरगंजस्थित साल्ट ट्रेडिङ कर्पोरेसन प्रादेशिक कार्यालय स्थलगत निरीक्षणपछि आपूर्तिमन्त्री रिजालले कार्यालय प्रमुख अमोज लामिछानेलाई यस्तो निर्देशन दिएका हुन् । मन्त्री रिजालले गृहजिल्ला पर्साका लागि विद्यमान रासायनिक मलको कोटा अपुग रहेकाले यसलाई बढाउन पनि निर्देशन दिए। उनले भने, 'पर्सा जिल्लाका लागि अहिले जुन कोटा छ त्यो अपुग छ, यसलाई बढाउनुपर्छ, त्यसकालागि तपाईं पनि लाग्नुस् म आफैंले पनि मन्त्रालयमार्फत पहल गर्छु।' त्यसअघि मन्त्री रिजालले साल्ट ट्रेडिङ कर्पोरेसन प्रादेशिक कार्यालय प्रमुख लामिछानेसँग मलको मौज्दात, वितरण प्रक्रिया, आयातक्रममा रहेको मलको अवस्थाबारे जानकारी लिएका थिए। कार्यालय प्रमुख लामिछानेले साल्ट ट्रेडिङले आयात गर्ने कुल मलको ३० प्रतिशत कोटा मधेश प्रदेशका लागि छुट्याउने गरिएको जानकारी गराए । मधेश प्रदेशका लागि छुट्याइएकोमध्ये पर्सा जिल्लाको हकमा भने ९.५३ प्रतिशत मात्रै पर्ने गरेको जानकारी उनले मन्त्री रिजाललाई गराए। निरीक्षणक्रममा मन्त्री रिजालसँगै नेपाली कांग्रेस पर्साका सभापति तथा प्रदेशसभा सदस्य जर्नादन सिंह क्षेत्री, कांग्रेस पर्साका सचिव तथा वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलम, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादव, मन्त्री रिजालका मुख्य स्वकीय सचिव बृहस्पतिकृष्ण श्रेष्ठ, स्वकीय सचिव राकेश याादव, कांग्रेसका युवा नेता धर्मराज यादव, शेष हजरा, प्रद्युमन चौहान, हरिन्द्र यादव, युथ कांग्रेसका मधेश प्रदेश सदस्य राहुल कुमार गुप्ता लगायतको सहभागिता थियो।

# दुई महिलासहित तीन शव भेटियो

**मधेशदृष्टि**
**महेन्द्रनगर, २० वैशाख ।**
दार्चुलाको व्यास गाउँपालिका–१ मा बुधबार हिमपहिरोमा परी सम्पर्कविहीन रहेका पाँचमध्ये दुई महिला र एक पुरुषको शव फेला परेको छ । मड्गलबारदेखि हिमपहिरोमा परी सम्पर्कविहीन रहेका यार्सा सङ्कलकमध्ये सात जनाको सशस्त्र प्रहरीले उद्धार गरेको थियो भने पाँचजना सम्पर्कविहीन थिए ।
दार्चुलाको छाङरुमा रहेको सशस्त्र प्रहरी बल ५० नम्बर गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक ईश्वरीदत्त भट्टले बेपत्ता भएको ठाउँबाट करिब अढाइ किलोमिटर तल हिउँभन्दा बाहिर मृतावस्थामा तीन शव भेटिएको जानकारी दिए ।
'शव भेटिएपछि स्थानीय, नेपाल प्रहरी र हाम्रो टोली घटनास्थल पुगिसकेको छ ।' उनले भने, 'शव भेटिए पनि पहिचान भने खुलिसकेको छैन ।'
मुङ्गलबार दिउँसोबाट सशस्त्रको टोली उद्धार तथा खोजीमा खटिएको भए पनि लगातारको हिमपात र वर्षाका कारण कठिनाइ भइरहेको थियो । 'हिजो पनि राति ९.३० बजेसम्म खोजीमा जुट्यौं,' उनले भने, 'बुधबार पनि बिहानबाट टोली खटिएको छ ।'

## ताप्लेजुङमा हिमपात

ताप्लेजुङको हिमाली क्षेत्रमा हिमपात भएको छ । सोमबार र मङ्गलबार वर्षासँगै जिल्लाको उच्च हिमाली क्षेत्रमा हिमपात भएको हो ।
ताप्लेजुङको सदरमुकाम फुङलिङबाट हिमाल सहजरूपमा देख्न सकिन्छ । हिमाल चाँदीजस्तै सेताम्य भएर टल्केका छन् । फक्ताङ्लुङ गाउँपालिका–६ लेलेपको घुन्सा, फले, वडा नं ७ ओलाङ्चुङगोला, याङ मालगायत जिल्लाको हिमाली बस्तीमा हिउँ परेको स्थानीयले बताएका छन् ।
घुन्साका टासी छिरिङ शेर्पाका अनुसार हिमाली क्षेत्रमा गए राति पनि हिमपात भएको छ । यस्तै, ओलाङ चुङगोला क्षेत्रका हिमाली क्षेत्रमा हिउँ परेको स्थानीय तेन्जिङ वालुङ्ले जानकारी दिए । ओलाङचुङगोलाकै याङमामा क्षेत्रमा दुई फिटसम्म हिउँ परेको छ । चार हजार दुई सय मिटर उचाइमा रहेको याङ्मा जिल्लाकै उच्च भेगको बस्ती हो ।
यसैगरी तेह्रथुम, सङ्खुवासभासँगको सीमावर्ती क्षेत्र तथा मैवाखोला गाउँपालिकाको शिर तीनजुरे–मिल्के–जलजले (टीएमजे) क्षेत्रमा पनि हिमपात भएको छ । जिल्लाको मिक्वाखोला गाउँपालिका–५ पापुङ, सिदिङ वा गाउँपालिकाको उच्च भागमा हिमपात भएको स्थानीयले बताएका छन् ।ताप्लेजुङको हिमाली क्षेत्रमा यस वर्ष फागुन १५ गते पनि हिमपात भएको थियो । यस वर्ष विगतका तुलनामा भने कमै हिमपात भएको छ ।
हिमपात र वर्षा भएपछि किसान हर्षित भएका छन् । मकैलगायत खाद्यान्न बाली लगाउने समयमा हिमपात र वर्षा हुँदा किसानले राहत महसुस गरेका छन् । त्यस्तै नगदे बाली अलैंची, तरकारलगायत बालीका लागि पनि हिउँ र वर्षाले राहत मिलेको किसानको भनाइ छ ।

# मिटर ब्याजी पीडितहरूले उजुरी दिने क्रम बढ्दो

**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख ।**
मिटर ब्याजको जाँचबुझ गर्नका लागि बनेको आयोगको केन्द्रीय कार्यालय जनकपुरधाममा स्थापना भएपछि मिटर ब्याजले पीडितहरूको उजुरी पर्ने क्रममा तीव्रता आएको छ ।
अहिले जिल्ला जिल्लामा मिटर ब्याजले पीडित भएकाहरूले उजुरी दिने क्रम बढेको छ । जिल्ला प्रशासन कार्यालय धनुषामा पनि मिटर ब्याजका कारणले पीडित भएकाहरूले उजुरी दिने क्रम बढेको कार्यालयले जनाएको छ । दैनिक रुपमा दुई दर्जन उजुरी परिरहेको छ । कतिपय उजुरी कतीले साहुबाट लिएको रकमको तीन गुणाले बनाएको कागज बराबरको रकम तिर्दा पनि बाँकी भएको भन्दै उल्टै




साहसले अदालतमा मुद्दा चलाएर दुःख दिने गरेको गुनासो गरेका छन् ।मिटर ब्याज पीडितहरूका लागि नेपाल सरकारले इन्टरनेटमा फारम राखेकाले त्यसबाट नै डाउन लोड गरेर प्रिन्ट गरि फारम भरेर उजुरी दिन मिल्ने भएको छ । मिटर ब्याज पीडितको जाँचबुझ गर्नका लागि गठन गरेको आयोगले पनि परेका उजुरीहरूमाथि पीडित तथा पिडकलाई बोलाएर छलफल गराई छानविन गर्ने भएको छ । गत आइतबारदेखि वैशाख ३१ गतेसम्म १५ दिनभित्र उजुरी दिनुपर्ने आयोगले जनाएपछि अहिले उजुरी दिनेहरूको संख्या व्यापक मात्रामा बढेको छ । मिटर ब्याज पीडितहरूले आफूसँग उपलब्ध रहेका प्रमाणसहित अनलाइनबाट सिधैँ आयोगमा वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्ने भएकाले उजुरी दिने क्रम बढेको हो । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सहायता कक्षमा निवेदन फाराम निःशुल्क उपलब्ध रहेको छ । तर कतिपय पीडित व्यक्तिहरूले आफै बाहिर गएर शुल्क लिएर फारम लिई भरेर निवेदन लिइरहेका छन् । गत आइतबार उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याज पीडित जाँचबुझ आयोगको केन्द्रीय कार्यालयको जनकपुरधाममा उद्घाटन गरेका थिए ।

# एउटा यस्तो नमूना विवाह

**मधेशदृष्टि**
**राजविराज, २० वैशाख ।**



तराईमा दाइजो प्रथा व्याप्त छ । तर, सप्तरीका एक युवाले विनादाइजो आदर्श विवाह गरेका छन् । राजविराज नगरपालिका–५ का युवा विनोद यादवले विनादाइजो विवाह गरेका हुन् । विनादाइजो त विवाहको कल्पनै गर्न सकिँदैन । यस्तो वेला दाइजोविना विवाह गर्नु सिंगो समाजलाई चुनौती दिनु हो । विनोदले विनादाइजो आदर्श विवाह गरेर दाइजो प्रथालाई चुनौती दिएका छन् ।
उनी सप्तरीका नेपाल विद्युत् प्राधिकरणबाट आवकाश प्राप्त कर्मचारी असर्फी यादवका छोरा हुन् । घरमा विवाहको कुरा चलेपछि विनादाइजो आदर्श विवाह गर्ने सहमतिमा मात्रै उनी विवाह गर्न राजी भएका थिए । उनले मोरङको जहदा गाउँपालिका–१ का अर्जुन यादवकी छोरी कृतिसँग आदर्श विवाह गरेका हुन् । कृतिका बुवा सामान्य किसान परिवारका हुन् । दुवैतर्फका परिवार शिक्षित भएका कारण उनीहरू विनादाइजो विवाहका लागि सहमत भएका थिए । दाइजोकै कारण तय भएको विवाहसमेत नहुने, दाइजो नदिएका कारण बुहारीलाई अमानवीय व्यवहार गरिनेजस्ता घोर निन्दनीय घटना भइरहँदा विनादाइजोको विवाह भइरहेको जानकारी पाएपछि उनीहरूलाई बधाईसहित शुभकामना दिन प्रतिष्ठित व्यक्तित्वसमेत वैवाहिक समारोहमा उपस्थित भए ।
नेपाल फोटो पत्रकार महासंघका केन्द्रीय सचिवसमेत रहेका नयाँपत्रिकाकार्मी सौरभ यादवले नमूना जोडीलाई बधाई एवम् शुभकामना दिए । दुलहा–दुलहीलाई बधाई एवम् शुभकामना दिँदै उनले समाजिक रुपान्तरणका लागि चालेको कदमले सिङ्गो मानव सम्भ्यतालाई गौरवान्वित तुल्याएको बताए । प्रेस मञ्च सप्तरीका सचिव विद्यानन्द रामले समेत नमूना जोडीलाई बधाई एवम् शुभकामना दिए । दुलही कृतिले छोरा–छोरीबीचको विभेद मेटाएर अभिभावकले छोरासरह छोरी पढाएर सक्षम बनाउँदै शिक्षित युवाले दाइजोलाई बहिष्कार गर्नुपर्ने बताइन् ।

# अनलाइनबाटै एनओसी जारी गर्ने तयारी

**काठमाडौँ ।** वैदेशिक अध्ययन अनुमति पत्र ९एनओसी० अनलाइनबाटै प्रिन्ट गर्न मिल्ने भएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको विदेश अध्ययन अनुमति शाखाले अनलाइनबाटै एनओसी जारी गर्ने तयारी गरेको हो ।
अहिले पनि एनओसीका लागि अनलाइनबाटै आवेदन दिनुपर्ने हुन्छ । तर, अबदेखि एनओसीको प्रिन्ट पनि अनलाइनबाट आफैँले गर्न मिल्ने व्य(वस्था बनाउन लागेको हो ।एनओसी शाखा प्रमुख बासुदेव वस्तीका अनुसार ढिलोमा अकी हप्ताबाट अनलाइनबाटै प्रिन्ट गर्न मिल्ने व्यवस्था गर्न लागिएको हो ।
सरोकारवाला शैक्षिक संस्थाहरूको एपीआई इन्ट्रिग्रेड गरी आवेदकले सबमिट गरेका काग(जातहरूका आधारमा अटोनोमस भेरिफिकेसन गर्ने वस्तीले बताए । विद्यार्थीले वैदेशिक मुद्राको सटही सुविधा लिए–नलिएको विवरण समेत बैङ्क तथा वित्तीय संस्थाहरूबाट अटोमेटिक हुनेछ ।
यसका लागि शाखाले बैङ्क तथा वित्तीय संस्थाह(रूलाई अभिमुखीकरण गरेको छ । उनीहरूको माग अनुसार युजर म्यानुअल समेत तयार गरेको प्रमुख वस्तीले बताए ।

# अरुण तेस्रोमा कार्यरत एक मजदुरको मृत्यु

**संखुवासभा ।** संखुवासभामा निर्माणाधीन नौ सय मेगावाट विद्युत उत्पादन क्षमताको अरुण तेस्रो जलविद्युत आयोजनामा अडिट–२ मा कार्यरत एक मजदुरको मृत्यु भएको छ। मकालु गाउँपालिका–५ आमाराडस्थित अडिट–२ को सुरुङभित्र माथि(बाट ढुङ्गा खसेर सिलिचोङ गाउँपालिका–५ का २७ वर्षीय प्रेम राईको मृत्यु भएको हो ।
जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज खनालका अनुसार गए राति मकालु–५ आमाराडमा सुरुङभित्र काम गर्ने क्रममा माथिबाट खसेको ढुङ्गाले लागेर घाइते भएका राईको उपचारका क्रममा आज बिहान संखुवासभा जिल्ला अस्पतालमा मृत्यु भएको हो ।
सुरुङभित्र काम गर्ने क्रममा अन्य दुई मजदुरसमेत घाइते भएका छन् । घाइते हुनेमा भारतको गुवाहाटीका २३ वर्षीय सममती वलिता र २३ वर्षीया साइमुदिन अली रहेका छन् । घाइते वलिताको दाहिने खुट्टा र घुँडामा चोट लागेको छ भने अलीको खुट्टा र हातमा चोट लागेको छ । दुवैजनाको जिल्ला अस्पतालमा उपचार गरिएको छ ।
अरुण तेस्रो आयोजनामा नेपाली र भारतीयसहित तीन हजारभन्दा बढी मजदुर कार्यरत छन् ।
अरुण तेस्रो जलविद्युत्को आयोजनास्थलमा स्वास्थ्य संस्था नहुँदा उपचारको समस्या भएको छ । मजदुरलाई चोटपटक लागेर घाइते भए समयमा उपचार नपाउँदा ज्यान गुमाउनु पर्ने अवस्था छ । आयोजनास्थलमा काम गर्ने मजदुरको समय–समयमा स्वास्थ्य परीक्षण गर्नुपर्ने विकास सम्झौतामा उल्लेख भए पनि आजसम्म ती मजदुरको स्वास्थ्य परीक्षण नभएको मजदुर बताउँछन् ।
विद्युतगृहस्थलमा 'पटेल इञ्जीनियरिङ' र ड्यामसाइडमा 'जयप्रकाश एशोसिएट्स कम्पनी'ले काम गरिरहेको आयोजनाले जनाएको छ ।

# २५६७ औं बुद्धजयन्ती मनाइने

**बुटवल ।** २५६७ औं बुद्धजयन्ती तथा लुम्बिनी दिवस–२०८० विभिन्न कार्यक्रम गरी मनाइने भएको छ । लुम्बिनी विकास कोषले बुधवार लुम्बिनीमा पत्रकार सम्मेलन गरी वैशाख २२ गते शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय सम्मेलन तथा ध्यान केन्द्रमा २५६७ औं बुद्धजयन्ती एवं लुम्बिनी दिवस विशेष समारोह हुने जनाएको हो ।
लुम्बिनी विकास कोषका कोषाध्यक्ष तथा प्रचारप्रसार उपसमितिका संयोजक ढुण्डीराज भट्टराई (सिद्धिचरण) ले विशेष समारोह अघि शुक्रबार विहान ६ बजेदेखि ७ सम्म धार्मिक पूजा हुने जानकारी दिए । विहान ७ देखि ९ बजेसम्म ५ नम्बर गेटदेखि मायादेवी मन्दिर हुँदै विभिन्न झाँकीसहित सम्मेलन केन्द्रसम्म शान्ति ऱ्याली निकालिने उनको भनाइ छ ।
त्यस्तै बुद्धजयन्तीको अघिल्लो दिन वैशाख २१ गते बिहीबार मायादेवी मन्दिर परिसरमा दीप प्रज्वलन र साँझ ७ देखि मध्यरात १२ बजेसम्म महापरित्राण हुनेछ ।
बुद्ध पूर्णिमाको अवसरमा अबदेखि लुम्बिनी परिसर 'हर्न निषेध' गरिने लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यले बताए । उनका अनुसार लुम्बिनी परिसरभित्र अब कुनै पनि सवारीसाधनले हर्न बजाउन पाउने छैनन् ।
वैशाख २२ गते पण्डितपुरदेखि बुद्धको अस्तधातु रहेको रामग्रामसम्म 'अस्तधातु यात्रा' गरिने भएको छ ।

# सचिव टेकनारायण पाण्डे पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ, २० वैशाख ।**
नक्कली भूटानी शरणार्थी बनाइ अमेरिका पठाउने ठगी धन्दामा संलग्न रहेको अभियोगमा उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ परेका छन् ।
जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले बुधबार पाण्डेलाई पेप्सिकोलाबाट पक्राउ गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले जानकारी दिए । उनले भने, 'नेपालीलाई भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने धन्दामा ठगी गरेको अभियोगमा सचिव पाण्डेलाई पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौँमा राखिएको र आवश्यक अनुसन्धान भइरहेको छ ।'
प्रहरीले सचिव पाण्डेलाई पक्राउ गर्न अदालतबाट पक्राउ पुर्जी लिएको थियो । पाण्डे उपराष्ट्रपति कार्यालयमा कार्यरत हुनुअघि गृह मन्त्रालयको सचिव थिए । पाण्डे गृह मन्त्रालयको सचिव रहेका बेला नेपालीलाई भूटानी शरणार्थी बनाउने गिरोहसँग मिलेमतो गरेको आरोप लागेको छ ।

# पहरी नमुना बस्ती हस्तान्तरण

**मधेशदृष्टि**
**सर्लाही, २० वैशाख ।**
सर्लाहीको बागमती नगरपालिकाले लोपोन्मुख पहरी जातिको नमुना बस्ती निर्माण गरेको छ । बागमती नगरपालिकाको एक करोड ५३ लाख रुपैयाँ लागतमा बागमती नगरपालिका– ११ मा १३ घर लोपोन्मुख पहरी जातिको नमुना बस्ती निर्माण गरिएको बागमती नगरपालिकाका नगर प्रमुख भरतकुमार थापाले जानकारी दिए । उनका अनुसार सिन्धुली र मकवानपुरमा अव्यवस्थित रूपमा बसोबास गरिरहेका लोपोन्मुख पहरी जातिलाई नगरपालिकाको सो खर्चमा नमुना पहरी बस्ती निर्माण गरी हस्तान्तरण गरिएको हो । नमुना बस्तीमा खानेपानी, विद्यालय, स्वास्थ्य संस्थाका साथै संविधानले तोकेको न्यूनमत मौलिक र नैसर्गिक अधिकारभित्रका आधारभूत आवश्यकता पूरा गरी नमुनाबस्ती निर्माण गरिएको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले बताइन् ।उनका अनुसार लोपोन्मुख जातिको संरक्षणका लागि नगरपालिका गम्भीर भएको र नगरपालिकाको लगानीमा निर्माण गरिएको बस्ती हस्तान्तरण गरिएको हो । बागमती नगरपालिका–४, ११ र १२ मा गरी करिब सात हजार तीन सय घरधुरी भूमिहीन, अव्यवस्थित, दलित तथा भूमिहीन सुकुम्बासीको व्यवस्थापन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिमलकुमार पोखेलले जानकारी दिए । भूमिहीन, अव्यवस्थित, दलित तथा भूमिहीन सुकुम्वासीको व्यवस्थापन गरिएकोस्थानमा आधारभूत आवश्यकता पूरा गरिएको बागमती नगरपालिका ११ का वडाध्यक्ष प्रदीपकुमार आचार्यले जानकारी दिए । उनका अनुसार नगरका विभिन्न तीन वडामा बसोबास गरिरहेका भूमिहीन, अव्यवस्थित, दलित तथा भूमिहीन सुकुम्वासीको लगत सङ्कलनको काम सकिएको र नापी कार्यालय तथा वन कार्यालयसँग समन्वय गरेर चाँडै उनीहरूलाई लालपुर्जा उपलब्ध गराउने तयारी गरिएको छ ।

# बलबामा मस्जिद शिलान्यास

**मधेशदृष्टि**
**जनकपुरधाम, २० वैशाख ।**
महोत्तरीको बलबा नगरपालिकामा एक कार्यक्रमका विच मस्जिदको शिलान्यास गरिएको छ ।



बुधबार बलवा नगरपालिका वडा नम्बर–११ (टिकुलिया टोल)मा मधेश प्रदेशका प्रदेशसभा सदस्य जयनुल राईले मस्जिदको शिलान्यास गरेका हुन् ।
इस्लाम धर्मावलम्बीहरुलाई नमाज पढ्न सहज होस् भन्ने उद्देश्यले मस्जिदको शिलान्यास गरिएको प्रदेशसभा सदस्य राइनले बताए । उनले मस्जिद निर्माण भएपश्चात एक टोलबाट अर्को टोलमा नमाज पढ्न जानुपर्ने बाध्यताको अन्त्य हुने बताए ।
रमजान, इदको समयमा एकै ठाउँमा नमाज पढ्न जानुपर्थ्यो यसले समस्या हुने गर्थ्यो अब आफ्नै घर नजिक मुस्लिम दाजुभाइहरुले जुनसुकै समय सहजरुपले नमाज लगायतको धार्मिक गतिविधि गर्न सक्ने उनले बताए ।१३ लाख रूपैयाँको लागतमा बन्ने उक्त मस्जिदमा स्थानियले समेत आ–आफ्नो स्तरबाट सहयोग गरिरहेको बलवा नगरपालिका वडा नम्बर–११ का लोसपा सभापति संतोष सिंहले जानकारी दिए ।
मस्जिद शिलान्यास कार्यक्रममा प्रदेशसभा सदस्य जयनुल राइन, वडा नम्बर–११ का वडाध्यक्ष अशोककुमार यादव, लोसपाका वडासभापति सन्तोष सिंह, युवा नेताहरु नवनित झा, अभिमन्यु कुमार, जागेश्वर चौधरी, सयिम कवारी लगायतकाहरूको उपस्थिति रहेको थियो ।

# नेप्से निरन्तर घट्दो, कारोबार खुम्चियो

**मधेशदृष्टि**
**काठमाडौँ, २० वैशाख ।**
घट्दो क्रममा रहेको शेयर बजारले बुधबार पनि निरन्तरता पाएको छ । यो साताका कारोबारको तेस्रो दिन पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक रातो देखिएको हो ।
नेप्से परिसूचक बुधबार नौ दशमलव १८ अङ्कले घटेर एक हजार आठ सय ५७ दशमलव २३ अङ्कमा कायम भएको हो ।
नेप्सेका अनुसार दुई सय ६५ वटा कम्पनीको २१ लाख ५५ हजार पाँच सय ८६ कित्ता शेयर १८ हजार आठ सय ७६ पटक खरिदबिक्री हुँदा कारोबार रकम ६२ करोड दुई लाख ६६ हजार रुपैयाँमा खुम्चिएको छ ।
उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ५६ र म्युचुअल फन्ड शून्य दशमलव ०३ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूह ५९ दशमलव ६९ र होटल तथा पर्यटन समूह ५२ दशमलव ६० अङ्कले घटेको छ ।
त्यसैगरी, बैंकिङ समूह एक दशमलव ९८, विकास बैंक समूह आठ दशमलव ०१, वित्त समूह १२ दशमलव २९, जलविद्युत् समूह २९ दशमलव २३ र लगानी समूह शून्य दशमलव ०९ अङ्कले घटेको छ । लघुवित्त समूह २१ दशमलव ४१, निर्जीवन बीमा समूह १४ दशमलव ५९, व्यापार समूह तीन दशमलव ६६ र अन्य समूह १४ दशमलव ५२ अङ्कले घटेको छ । आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ०९ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एनआइबिएल ग्रोथ फन्डको शेयर मूल्य पाँच दशमलव ३५ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू तीन करोड पाँच लाख तीन हजार चार सय ९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको एक लाख १४ हजार पाँच सय ९२ कित्ता शेयर किनबेच भएको छ ।

# राष्ट्रपति पौडेलद्वारा अध्यादेश जारी

**काठमाडौँ ।** राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति निर्वाचित भएपछि पहिलो अध्यादेश जारी गरेका छन् । फागुन २५ मा राष्ट्रपति निर्वाचित भएका पौडेलले पहिलो अध्यादेशका रूपमा 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०' जारी गरेका हुन् । मन्त्रिपरिषद्को मंगलवार बसेको बैठकको सिफारिस अनुसार राष्ट्रपतिले अध्यादेश जारी गरेका हुन् । राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले राष्ट्रपतिले संविधानको धारा ११४ को उपधारा ९१० बमोजिम अध्यादेश जारी



गरेको विज्ञप्तिमार्फत जानकारी दिएका छन् । उक्त अध्यादेशमार्फत सरकारले मिटरब्याजी पीडितहरूको समस्या समाधान गर्ने उद्देश्य लिएको छ ।

सम्पादकीय

# नेपालीको आय र हाम्रो मिहिनेत

नेपालीको प्रतिव्यक्ति आय बढेको छ। अमेरिकी डलर एक हजार तीन सय ९९ अर्थात् एक लाख ८२ हजार छ सय ८३ रुपैयाँ बराबर आय पुगेको तथ्यांक सार्वजनिक भएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलबार यस्तो तथ्यांक सार्वजनिक गरेको हो। आर्थिक वर्ष २०७९/८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी विवरणमा प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन अमेरिकी डलर एक हजार तीन सय ९९ पुगेको बताइएको छ।

यस्तै, प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन अमेरिकी डलर एक हजार चार सय १० बराबर पुगेको छ। कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर उपभोक्ता मूल्यमा एक दशमलव ८५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव १३ प्रतिशत बराबर रहने अनुमान थियो। तथ्याङ्क कार्यालयका अनुसार चालु आवमा नेपालको जिडिपीको आकार आधार भूत मूल्यमा ४६ खर्ब ९६ अर्ब ४९ करोड रुपैयाँ र उपभोक्ता मूल्यमा ५३ खर्ब ८१ अर्ब ३४ करोड रुपैयाँ बराबर पुग्ने अनुमान गरिएको छ।

जिडिपी अनुपातमा नेपालको कूल स्थिर पुँजी निर्माण (ग्रस फिक्स्ड क्यापिटल फर्मेसन) २५ दशमलव २१ प्रतिशत अर्थात् १३ खर्ब ५६ अर्ब ४६ करोड रुपैयाँ बराबर पुग्ने प्रक्षेपण भएको छ। अन्तिम उपभोग खर्च (फाइनल कन्जम्सन एक्सेन्डिचर) जिडिपी अनुपातको ९३ दशमलव ५९ प्रतिशत बराबर रहने अनुमान छ। यो अनुमानको तथ्यांक चैं ५० खर्ब ३६ अर्ब १५ करोड रुपैयाँ बराबर हो। जिडिपी अनुपातमा नेपालको वस्तु तथा सेवा निर्यातको हिस्सा सात दशमलव १५ प्रतिशत बराबर मात्रै छ। यसवर्ष तीन खर्ब ८५ अर्ब ११ करोड रुपैयाँ बराबरको वस्तु तथा सेवा निर्यात गरिने अनुमान छ। जिडिपी अनुपातमा वस्तु तथा सेवाको आयात भने ३६ दशमलव पाँच प्रतिशत बराबर छ। नेपालले यस वर्ष १९ खर्ब ६४ अर्ब ३३ करोड रुपैयाँ बराबर आयात गर्ने अनुमान छ। चालु मूल्यमा राष्ट्रिय बचत (ग्रस नेसनल सेभिङ) कूल गार्हस्थ्य उत्पादनको ३१ दशमलव ६६ प्रतिशत बराबर छ।

जिडिपीमा विप्रेषणको अनुपात २२ दशमलव ८९ प्रतिशत बराबर रहने मानिएको छ। चालु आवको जिडिपीमा सबैभन्दा बढी हिस्सा कृषि क्षेत्रको रहने छ। गत आवमा कृषि क्षेत्रले जिडिपीमा २४ दशमलव ६७ प्रतिशत बराबर हिस्सा ओगटेकामा यसवर्ष त्यो घटेर २४ दशमलव १२ प्रतिशत बराबर हुने प्रक्षेपण छ। तथ्याङ्क कार्यालयले चालु आवको पछिल्लो नौ महिना अवधिको तथ्याङ्क विश्लेषण गरेर वार्षिक अनुमान सार्वजनिक गरेको हो।

यो तथ्यांकले हामी के देख्छौं भने कृषिमा पनि प्रतिशत घटिरहेको छ। आय बढेको हो या मूल्य बढेको हो ? आय बढ्न अवसर चाहिन्छ। हामीकहाँ अर्थतन्त्र खुम्चिरहँदा आय बढ्ने प्रक्षेपण मात्रै हुन सक्छ। यो प्रक्षेपण व्यवहारिक नहुन पनि सक्छ। किनभने अवसरहरु धमाधम गुमेका छन्।

निजी क्षेत्रमा सबैभन्दा बढी अवसर गुमिरहँदा कसरी आय बढ्न सक्छ ?

तथ्यांकले सबैभन्दा बढी हिस्सा ओगट्ने कृषि क्षेत्रमै पनि घटाइरहेको देखाएको छ। यद्यपि हामी गुणस्तरीय काममा पनि सरिक भइरहेका छौं। दक्ष श्रममा पनि सहभागिता बढ्दो छ। अतः केही प्रगति भएको होला। तर यो प्रगति एक वर्षको प्रक्षेपण भएकाले हामीले मिहिनेत गर्न जरुरी छ। अमेरिकाले तीन महिनामा प्रक्षेपण गर्छ, हामी एक वर्षमा गरिरहेका छौं।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# सामाजिक लैंगिक विभेद र गर्भपतनले निम्त्याउने भयावहता



– एस के द्विवेदी

नेपाल भारत लगायत दक्षिण दक्षिणएशियामै बिद्यमान रहेको समाजिक लैंगिक असमान्ताले महिला पुरुषबिच सन्तुलनमा ठुलो चक्र चलाउदै आएको छ। खास गरेर पुरुष प्रधानताको कारण दहेज प्रथा जस्तो बिकृतले गरेको रुढीबादी सोचको कारण छोरी भन्दा छोरा प्रतिको चाहनाले गर्दा लैंगिक बिभेदलाई अझ टेवा पुगेको छ। परिणाम स्वरुप लगभग एक दशक देखि अप्रत्यासित रुपमा गर्भपतन भइरहेका छन ।जसले आउने समयमा ठुलो चुनौति थपिने निश्चित छ। लैंगित असमानताले लिएको स्थाइ स्वरूप ';जुन मूल रूपमा पितृसत्तात्मक परम्पराबाट निर्देशित छ। यो नै समाजि ढांचामा स्थापित लिंग(आधारित हिंसालाई




सुक्ष्मरुपमा गजबले फराकिलो पार्दै अगाडि बढको छ ।यसमा हुने गरेका संस्थागत चिकित्सीय सुझावमा आधारित लिंग परिक्षण र त्यसबारेकाव्यापारले झन मलजल थपने काम तराई लगायत सिमावर्ती क्षेत्रमा गर्दै आएको छ।

नेपाल लगायत उत्तर भारतका बिहार,उत्तर प्रदेश लगायत दुबै मुलुकमा चलिरहेको अप्रत्यक्ष अर्थात सुक्ष्म भूर्ण हत्या, लिंग निर्धारित गर्भपतन, यौन तस्करी, दहेज़प्रथा, बाल विवाह, एसिड आक्रमणलगायतका सबै पिडाका सिकार महिला नै हुने गरेका छन।

तराई लगायत सिमावर्ती क्षेत्रमा हुने गरको भलाकुसारी र जान पहिचान पछि सोधिने खरायसी हाल खबरमा सोधीने तपाईको छोरा कति छन ?प्रश्नले हाम्रो समाजमा बिद्यमान रहको लैंगिक असमानतालाई दर्शाइ रहेको हुन्छ ।मैले यो कुरा उठाउनु को मुख्य उदेश्य पनि समाजमा सोधिने यस्ता प्रश्नका सिकार र समाजिक लैंगिक असमान्ता भोगी रहेका हजारौ परिवार छन् ।जहा यो कुरा निरन्तर चलिमात्र रहेको हुदैन उसले कहिन कहि आउने सन्तति माथीको लिंग परिक्ष्णलाई घोच्याइरहेको हुन्छ।


त्यसको परिणाम दिनहु हजारौ भूर्ण हत्याहरु भइरहेका छन ।यसमा फस्टाएको मेडिकल व्यापारको त कुरै छाडौ,तिब्रगतिले भइरहको बैज्ञानिक खोज अत्याधुनि एक्स(रे मेशिन लगायतका विभिन्न परिक्षणले भ्रुणहत्या वा गर्भपतन जस्ता कडा कार्यवाहिहरु पनि कानुनि किताबको पन्नामा मात्र सिमित हुन पगेको छ ।तिब्ररुपमा फस्टाएको यो मेडिकल व्यापारले समाजमा ठुलो भूकम्प ल्याउन निश्चित भएपनि यसको अगाडि हामि सबै निरिह्य बनेका छौ ।

यो लैंगिक असमान्तामा आधारित लेखको मुख्य उदेश्य तराई लगायत मुलुकमा हुने सबै प्रकारको असमाजिक असमान्ताहरुलाई उजागर गर्नुका साथै महिलाहरुलाई अगाडि आउने जरुरी मैले महसुस गरेको छु। सबै प्रकारको हुने गर्भ पतन वा भूर्ण हत्यालाई निरुत्साहित बनाउने कानून व्यवस्थामा देखिएको कमि र समस्यालाई हटाउने कुरालाई अभियानकै रुपमा चलाउनु पर्ने आवश्यकता देखिन्छ।

यसका साथै हाम्रोमहिला प्रतिको दृष्टिकोणबाट नै जेंडर आधारित हिंसासंग सम्बन्धित नीति(निर्माणका प्रक्रियालाई पुनर्मूल्यांकनको आवश्यकता समेत रहेको छ। संयुक्त राष्ट्र शरणार्थी एजेंसीले (यूनाइटेड स्टेट्स हाई कमीशन फ़ुर रिफ्यूजीज)लैंगिक आधारित हिंसालाई "लैंगिक आधार अनुसार कुनै व्यक्तिको बिरोधमा गरिने सबै हिन्सात्क कार्यवाहिं" को रूपमा परिभाषित गरेको छ ।जसको मुख्य उदेश्य लैंगिक असमानता, शक्तिको दुरुपयोग र दुई विभेदकारी नोक्सान पुर्‍याउने परम्परा नै हो ।जुन मानवाधिकारको गम्भीर उल्लंघन र जीवनलाई हानि पुर्‍याउने स्वास्थ्य एवम सुरक्षा सम्बन्धी मुदा पनि हो । यसले कृत्य शारीरिक, यौनिक, मनोवैज्ञानिक वा आर्थिक प्रकृति लगायत सबै कुराको



संकेतक हो ।यस्ता कार्यस्थल वा कुनै प्रकारका अस्पताल,मेडिकल सस्था माथीमहिला उत्पीड़न, अुनलाइन डिजिटल प्लेटफ़ुमहरु माथी दुर्व्यबहार, सामाजिक बहिष्कार र आर्थिक निर्भरता आदी



लिंग आधारित हिंसाका अन्य प्रकारहरु हुन।

### भ्रुण हत्याको कारण पातलिदै दुबै देश बिचको बैवाहिक सम्बन्ध

जसले जे भने पनि, नेपाल(भारत सम्बन्ध भौगोलिक निकटता, ऐतिहासिक निरन्तरता, समान संस्कृति र सम्पदा, बैबाहिक सम्बन्धमा एकआर्कामा आधारित छ ।विशेषगरी खुला सिमाना, निर्वाध आवागमन, दुबै देशका 'जन(जन'बीचको प्रगाढ सम्बन्ध एवम बैबाहिक सम्बन्धले जकडिएको पारिवारिक नाता र समान सांस्कृतिक सम्पर्कले यसलाई झन प्रगाढ बनाउदै गंगा नदिजस्तो निश्क्षल रुपले अगाडि बढदै आएको छ ।जसमा केहि बैदेशिक नाकारात्मक तत्वहरु समय समयमा विभिन्न प्रोपगन्डामा आधारित खाडलका मलजलहरु छर्ने काम गर्ने असफल प्रयासहरु गर्दै आएका पनि छन ।तर त्यसलाई जन स्तरबाटै गर्ने नाकात्मक बिरोधले निरुत्साहित बनाउदै पनि आएको छ।

तर केहि बर्ष यतादेखि भारतबाट नेपालमा केटा मांगन आउने 'अगुवाहरु'को क्रम पादलिदै गएको छ। मोआवादी जनयुद्धको समयमा मुलुकले खेपेका हिंसाको भ्यावह अवस्था र मधेस आन्दोलन लगायतका विभिन्न राजनैतिक कारणसंगै खास गरेर उत्तर प्रदेश र बिहारमा पुरुषको तुलनामा क्रमश कमहुदै गएको महिलाको जनसंख्याले भारतीय अभिभावकहरुको नेपाली युवा प्रतिको चाहनालाई काम गरेको छ ,जसको मुख्य कारण पनि हो गर्भपतन।

साथै युवासंगै युवतीहरुले अध्यन अध्यापनमा लिएको अग्रता र नेपालमा प्रस्तावित बैबाहिक सम्बन्धि नागरिकता बिधेकले पनि भारतीय दुलहिहरुको भबिष्यलाई ओझेलमा परेको छ ।यति मात्र होइन नेपालमा बढदै गएको मंहगी रबेरोजगारीलेपनिभारतीयबेहुलिहरुको नेपालमाभविष्य उज्जवल नभएको तर्क दिनेहरुको क्रमबढदै गएको हो। सिमावर्ती क्षेत्रमा बिद्यमान रहेको दहेज प्रथा त्यसमा पनि केटाको तिलक मुल्यको मोलतोलले गर्दा मंहगो हुदै गएको बैबाहिक परम्परा प्रतिको लगानी र त्यपछि बेहुलिको परिवारको आमदानी वा भविष्यको सुनिश्चतता एउचा समाजिक व्यपार जस्ता जकडिएको कुपर्थाले गर्दा पनि लैंगिक असमानता र गर्भपतनलाई सिमामा बढावा दिएको छ। यसलाई दुबै देश नियन्त्रण गर्नमा महिलेसम्म असमर्थ देखिएका छन।

### नीति निर्माणको प्रक्रियामा महिलावादी दृष्टिकोणको पनि छ आवश्यकता :

खास गरेर दक्षिण एशिया अर्थात भारतबर्ष लगायत हिन्दु संस्कृति र सभ्यतामा आधारित समाज र त्यसबाट मोगल साम्राज्य लगायत विभिन्न औपनेविसिक धर्म परिवर्तनधारीहरुका सिकार बनेका अन्य धार्मिक र समाजिक मानव सभ्यताहरु जात र बर्ण व्यवस्थाका कुरितिका सिकार बनेका छन ।जसको परिणाम स्वरुप कुनै न कुनै रुपमा महिलाहरुले विभिन्न खासे हिन्साहरु भोग्दै आएका छन। हिन्सा र नीति निर्माण र त्यसका प्रक्रिया दुबैमा महिलाहरु प्रति भेदभावको संस्कृतिलाई बढावा दिइएको छ ।जुन देशको कानुनव्यवस्था र समाजिक सम्पर्कका अभ्यासहरुमा आउने गरेको छ। यसको सबै भन्दा महत्वपुर्ण कुरा छ कि, लैंगिक असमानतालाई कसरी ठम्मयाउने रसुधार गर्ने ?लैंगिक असमानता केहि एनजिओ कर्मि र महिलावादीहरुको बार्षिक अभियानमा मात्रै सिमित हुनु भन्दा पनि दैनिक जिवन र त्यसका अभ्यासमा कसरी समानता ल्याउने तर्फ राज्यको ध्यान पुगन जरुरी छ।

### नीतिगत फ ैसलासंग जोडिएको दृष्टिकोण र त्यसको मूल्यांकन

महिलावादी दृष्टिकोणलाई अपनाउनु पर्ने आवश्यकतासंगै राजेगारीमा महिलाको सहभागीतालाई बढाउने,राज्यको सबै तहतपकामा महिलाको समान प्रतिनिधित्व मुलक बनाउन कानुन र सिद्धांतका कुरा भन्दा पनि अभयासमा कसरी लागु गर्ने तर्फ राज्य केन्द्रित हुन पनि त्यतिकै जरुरी छ ।हाम्रो समाजमा देखिएको लैंगिक समस्याका मूल कारण, पितृसत्तात्मक संस्कृति, माथि ध्यान केंन्द्रित गनु पर्दछ।

यौन हिन्सा,आर्थिक बिपन्नताको कारण बढदै गएको देह व्यापार,बैदेशिक रोजगारीमा हुने गरेको हिन्सा लगायतबाट महिलालाई कसरी उथ्थानगर्ने तर्फ पनि सरोकारवालाको ध्यान केन्द्रित हुन जरुरी छ। समाजीक असन्तुल,व्यवस्था परिवर्तन गर्ने शोध(आधारित योजनाबद्ध नीतिहरु लागु गर्नु पर्नेआवश्यकता , जुन सामाजिक र व्यवस्थाजन्य मुद्दाहरुको ठुलो स्तरमा चिन्हित गरेर समाधान गर्न सकियोस।

### कार्यवाही आधारित सुझाव

विशेष रूपमा दहेजप्रथाको कारण गने गरेको महिला हिंसा, वैवाहिक बलात्कारमा समावेश यौन हिंसाका आरोपीहरुलाई कडा भन्दा कडा कार्यवाहिको लागी बिशेष अभियान चलाउनु पर्ने आवश्यकता रहेको छ ।दहेज प्रथाका कारण भइरहको गर्भपतनका घटनाहरुको रोकथाम, निषेध र निवारण तर्फ प्रहरीको बिशेष सक्रियता तर्फ ध्यानकेन्द्रित हुनु पर्दछ।

सामाजिक र सांस्कृतिक परम्परागत मान्यताहरु सुधारका नीति निर्धारण प्रक्रियालाई सधै प्रभावित गर्दै आएको हुन्छ ।जसरी नीति नियमहरुले पुराना रुढीवादी परम्पराहरुलाई परिवर्तन गर्न खोजेको हुन्छ हामि बिचको समाजिक बनावटले त्यसलाई त्यतिनै प्रतिसंघर्षरत्त रहेको हुन्छ।

# बेरुजु बढ्नुको कारणसहित टिप्पणी फाइल पठाउन परिपत्र




**काठमाडौँ ।** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै जिल्लाका जिल्ला समन्वय प्रमुख र जिल्ला समन्वय अधिकारीलाई परिपत्र गर्दै सरकारी कार्यालयमा बेरुजु देखिनुको कारणसहित आगामी जेठ १५ गतेसम्ममा टिप्पणी फाइल पठाउन परिपत्र गरेको छ । बेरुजु फछ्र्यौटको कामलाई उच्च प्राथमिकतामा राख्न निर्देशनसहित मन्त्रालयले मङ्गलबार परिपत्र गरेको हो ।

'महालेखा परीक्षकको कार्यालयबाट नियमित हुनुपर्ने भनी औँल्याइएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण तथा कागजात जुटाई तथ्यपरक प्रतिक्रिया तयार गरी पुष्ट्याईसहित सक्कल टिप्पणी फाइल नियमित गर्न जेठ १५ गतेभित्र मन्त्रालयमा उपलब्ध गराउनुहोला', मन्त्रालयको परिपत्रमा भनिएको छ । सरकारी कार्यालयको बेरुजु फछ्र्यौटको प्रतिशतलाई सम्बन्धित लेखा उत्तरदायी अधिकारी र उक्त कार्यालयमा काम गर्ने कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका आधारका रुपमा लिइने कानुनी व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले बेरुजु फछ्र्यौटका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन हुने उल्लेख छ । मन्त्रालयले परिपत्रमार्फत सम्बन्धित लेखा उत्तरदायी अधिकारी र कर्मचारीलाई यो कानुनी व्यवस्थाबारे पनि स्मरण गराएको छ ।बेरुजु फछ्यौंट गर्ने/गराउने कार्यलाई अभियानका रुपमा सञ्चालन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ । सरकारी कार्यालयमा रहेको बेरुजु असुलउपर गरी लेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउन पनि परिपत्रमार्फत निर्देशन दिइएको छ ।'महालेखा परीक्षकको कार्यालयबाट असुलउपर गर्नुपर्ने भनी औँल्याइएको बेरुजुको सम्बन्धमा तत्काल असुल उपर गर्न सम्बन्धित कर्मचारी, व्यक्ति, फर्म, संस्था, समूह, समिति वा अन्य निकायमा पत्राचार गरी सूचना पठाउने र असुरउपर गरी लेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला', परिपत्रमा भनिएको छ, 'पेस्की बेरुजुका रुपमा कायम भएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण, कागजात बिल भरपाई आदि सङ्कलन गरी यथाशीघ्र पेस्की फछ्यौंट गर्ने र महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला ।'

बीसवर्ष अघिको बेरुजु फछ्यौंट व्यवस्थापनका लागि त्यसको विवरण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय पठाउन भनिएको छ । "आर्थिक वर्ष २०५९/६० सम्मको पुरानो बेरुजुको हकमा असुल उपर गर्नुपर्ने, सरकारी हानि-नोक्सानी र फछ्र्यौट भएको बाहेकको बेरुजु लगत कट्टाका लागि आवश्यक प्रक्रिया पूरा गरी लगत कट्टा गर्ने वा लगत कस्ने प्रयोजनका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउन अनुरोध छ", मन्त्रालयको परिपत्रमा भनिएको छ ।

# वैदेशिक रोजगारीमा आकर्षित हुँदै खेलाडी




**रामपुर ।** खेल क्षेत्रमै सम्भावना बोकेका खेलाडी पछिल्लो समय वैदेशिक रोजगारका लागि आकर्षित भइरहेका छन् ।

रामपुर नगरपालिका-७ किसानबारी बस्ने असिम राना आफ्नै खर्चमा खेलमा लगानी गरेर प्रतिस्पर्धा गर्नुपर्दा खेलाडीलाई समस्या पर्ने गरेको बताउछन् ।

आठवर्षदेखि भलिबल खेलमा आबद्ध उनी अहिले २४ वर्षको भए। प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लुम्बिनी प्रदेशको नेतृत्व गर्दै राष्ट्रियस्तरसम्मको खेलसमेत खेलीसकेका छन् । कक्षा १२ उत्तीर्णपश्चात् अध्ययनलाई बीचमै छाडेर खेलमा होमिनुभएका उनी अहिले भने आर्थिक समस्याका कारण स्वदेशमै खेलबाट भविष्य नदेखेपछि वैदेशिक यात्रा तय गरेका छन् ।

'खेल खेल्ने रुचि र इच्छा धेरै भएपनि आर्थिक सङ्कटले भलिबलमा जीवन बिताउन सक्छु भन्ने सपना देखिनँ', उनले भने,'खेलाडी पैसाले भरिपूर्ण हुँदैन, आफैँले लगानी गर्नुपर्दा यस क्षेत्रलाई छाडेर वैदेशिक रोजगारको सपना बुनेको छु ।'

राज्यले स्तर छुट्याएर राम्रो खेलाडी स्वदेशमै टिकाइराख्न भत्ताको व्यवस्था, रोजगारको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ । खेलाडी आफैँले लगानी गरेर खेल खेल्नुपर्दा यसबाट भविष्य नदेखेको उहाँको भनाइ छ। खेल खेलेर विजयी हुँदामात्र पैसा हुने नत्र आफैँले सबै खर्च जुटाउनुपर्दा कठिन छ । आफ्नै खर्च गरेर अन्यत्र प्रतिस्पर्धामा जानुपर्दा खेलाडीलाई समस्याले पिरोल्ने गरिरहेको छ ।

पूर्वखोला गाउँपालिका-६ हेक्लाङका २२ वर्षीय देउबहादुर सिंजाली पाँचवर्षदेखि भलिबल खेल खेल्दै आएका छन् । कक्षा १२ सम्मको अध्ययन गर्नुभएका उनी खेल क्षेत्रबाट राम्रो गर्छु भन्ने सपना बोकेर सो क्षेत्रमा प्रवेश गरे । खेल खेल्दै जाँदा आर्थिक समस्याका कारण उहाँपनि वैदेशिक रोजगारमा जाने तयारीमा छन् । प्रतियोगिता हुँदामात्रै खेल खेलाइने भएकाले अन्य समय खाली बस्नुपर्दा आर्थिक उपाजर्नमा समस्या परिरहेको उनको गुनासो छ ।

बाहिर प्रतिस्पर्धामा जाँदा खाने, बस्नेलगायतका क्षेत्रमा आफैँले लगानी गर्नुपर्दा खेलाडीलाई समस्या परेको तिनाउँ गाउँपालिका-५ बिस्कुनडाँडाका १७ वर्षीय रेशम विक बताउछन् । उनी भविष्यमा खेलबाट पहिचान दिन भलिबलमा आकर्षित छन् । कक्षा ११ मा दमकडा माध्यमिक विद्यालयमा व्यवस्थापन समूहमा अध्ययनरत विकले अहिले पढाइसँगै खेललाई अगाडि बढाईरहेका छन् । तीनवर्षदेखि विभिन्न जिल्ला तथा प्रदेशस्तरीय खेलमा प्रतिस्पर्धा गरिरहेका छन् । खेलमा राज्यले सहयोग गरी खेलाडीलाई स्वदेशमै बस्ने वातावरण बनाइदिएमा यसैबाट राम्रो खेलाडी बनेर चिनिने उनको सोच छ ।

खेलाडीलाई संरक्षण र रोजगार दिन सकियो भने खेलाडीले नेपालमा बसेर खेल उत्पादन गर्ने प्रक्रियालाई अझ बढावा दिनेछन्, राज्यले खेलाडीको संरक्षण गर्न नसकेको बताउछन्, राष्ट्रिय भलिबल रेफ्री तथा प्रशिक्षक अनन्त श्रेष्ठ । उमेर हुँदासम्म खेल खेल्ने र खेल खेल्ने उमेर सकिएपछि घरपरिवारको गुजारा चलाउन राम्रो सम्भावना बोकेका खेलाडी विदेशतिर खेलाडी जान बाध्य रहेको श्रेष्ठले बताए ।

उनी २०५२ देखि २०६५ सालसम्म निरन्तर भलिबल खेलमार्फत स्थानीय, जिल्ला हुँदै राष्ट्रियस्तरसम्मको खेलमा प्रतिस्पर्धामा पुगे । भलिबल खेल खेल्ने क्रममा धेरै अनुभव बटुल्नुभएका उनी हाल भलिवल रेफ्री तथा प्रशिक्षकको काम गर्दै आएका छन् ।

'खेलको लागि राम्रो सम्भावना बोकेका खेलाडी उत्पादन छन्, तिनलाई जिल्लाले संवर्द्धन र संरक्षण गर्नुपर्ने हो, प्रदेशमा पुगेका खेलाडीलाई पहिचान हुने गरी एउटा रोजगारीको भूमिका निभाएर संरक्षण गरेर राख्नुपर्ने थियो', उनले भने,'राज्यले पनि अन्तर्राष्ट्रियस्तरमा खेल खेलिसकेका खेलाडीलाई नेपालमै राखेर स्वदेशको खेलकुदको विकासका लागि गर्नुपर्ने दायित्व पूरा गर्न सकेको छैन ।'

राज्यले कुनैपनि समस्या समाधानका लागि योजना बनाएर खेल क्षेत्रका विकास गर्ने हो भने 'राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा पूरा हुनेछ । राज्यले खेल्नुपर्ने भूमिका सहज ढङ्गले खेलिदिएको खण्डमा विदेश पलायन हुने दर घट्नेछ । स्थानीयस्तरदेखि जिल्ला, प्रदेश र राष्ट्रियस्तरसम्म जतिपनि खेलाडी उत्पादन हुन्छन् ती खेलाडीको रोजगारको तरिकाले जुनसुकै माध्यमले संरक्षण गर्न सकियो खेलकुद क्षेत्रको विकास हुनेछ ।

# सडक विस्तारका लागि हेटौंडा उपमहानगर सक्रिय बन्दै



**काठमाडौं ।** हेटौंडा बजार क्षेत्रको मुख्य सडक विस्तारका लागि हेटौंडा उपमहानगरपालिकाले आफ्नो सक्रिय बढाएको छ । सडक अतिक्रमण गरेर बनाइएका अस्थायी टहरा हटाउन सुरु गरेर उपमहानगरपालिकाले सडक विस्तारमा सक्रियता देखाउन सुरू गरेको हो ।

सडक विभागले यसअघि पटक-पटक हेटौंडाको सडक विस्तार गर्न खोजेको थियो । तर सो कार्य सफल हुन सकेको थिएन ।सडक विस्तार गर्ने योजना सफल हुन नसक्दा हेटौंडा बजारको सौन्दर्य बिग्रँदै गएका कारण अतिक्रमित संरचना भत्काउन सुरु गरिएको उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामा बताउँछिन् ।हेटौंडा बजार क्षेत्रमा २५ मिटर सडक विस्तार गर्ने कार्य अघि बढाउन सडक डिभिजन कार्यालय हेटौंडासँग समन्वय भइरहेको उनले बताइन् । उनले भनिन्, 'लामो समयदेखि हुन नसकेको सडक विस्तारको काम अब जसरी पनि अघि बढाउनु पर्छ ।' सडक विस्तारकै योजना अनुसार अनधिकृत संरचना हटाउन सुरु गरिएको उनको भनाइ छ ।

सडक विस्तार योजना ४ वर्षदेखि अलपत्र

सडक डिभिजन कार्यालय हेटौंडाले १५ भदौ २०६९ मा १५ दिनभित्र २५ मिटर चौडाइ सडकमा अतिक्रमित संरचना हटाउन सूचना जारी गरेको थियो । तर उक्त सूचनाको विरुद्धमा सर्वोच्चमा रिट परेको थियो ।उक्त रिट विरुद्ध सुनुवाइ गर्दै सर्वोच्च अदालतले ६ कात्तिक २०७६ मा परमादेश जारी गर्दै अतिक्रमित संरचना हटाउन भनेको थियो । २०३४ पछि निर्माण भएका २५ मिटरमा पर्ने कुनै पनि संरचना भत्काउँदा सरकारले क्षतिपूर्ति दिन नपर्ने आदेशमा भनिएको थियो ।२०२१ देखि २०३४ को बीचमा १३ वर्षको अवधिमा उक्त ७ फिट जग्गा बनाएको संरचना भत्काउँदा मात्रै क्षतिपूर्ति दिन सर्वोच्चले आदेश दिएको थियो ।

विस्तारको तयारी छ, तर बजेट छैन : सडक डिभिजन

सडक डिभिजन हेटौंडाका प्रमुख राजेशकुमार यादवले सर्वोच्चको फैसला अनुसार नै सडक विस्तारको तयारी भइरहेको बताए । तर सडक विस्तार गर्न पर्याप्त बजेट छैन ।'यहाँको सरोकार राख्ने हेटौंडा उपमहानगरपालिकाले २५ मिटर सडक विस्तार गर्न हतार गरिरहेको छ, तर अहिले हामीसँग पर्याप्त बजेट छैन,' यादव भन्छन्, 'नेपाल सरकार सडक विस्तारका लागि बजेट हाल्न तयार छैन, एसियाली विकास बैंकसँग ऋणका लागि पहल गरेपनि स्वीकृत भएको छैन ।'यादवका अनुसार रातोमाटेदेखि राप्ती पुलसम्म (हेटौंडा बजार क्षेत्र)मा एसियन हाइवे स्तरको ६ लेनको करिब ६ किलोमिटर सडक विस्तार गर्नुपर्ने छ । 'यस अगाडि पनि हाम्रो कार्यालयले धेरै प्रयास गर्दा भत्काउन सकेको छैन, यो पटक यहाँ स्थानीय तह तयार छ, हामीसँग बजेटको कमी छ,तर विस्तार गर्नै पर्ने अवस्था पनि रहेको छ' यादव भन्छन् ।

सडक विस्तार गर्दा पू(र्वमुख्यमन्त्रीदेखि उपप्रमुखसम्मको घर भत्किने

सडक डिभिजन कार्यालयले पटक पटक सडक विस्तारको सूचना निकाले पनि मकवानपुर उद्योग वाणिज्य संघले यसको विरोध गर्दै आएको छ ।हेटौंडा उपमहनगरपालिकाका एक कर्मचारीका अनुसार सडक विस्तार गर्नुपर्ने क्षेत्रमा मक(वानपुरका ठूला राजनीतिक दल र व्यापारीहरुको घर पर्ने भएकोले यस्तो विरोध हुँदै आएको हो ।ती कर्मचारी भन्छन्, 'यसअघिका मेयरले पनि धेरै पटक सडक विस्तार प्रक्रिया अगाडि बढाउन खोजेका थिए । तर ठूला नेता र व्यापारीको दबाबका कारण सडक विस्तारको काम अघि बढ्न सकेन ।'२५ मिटर भित्र बागमती प्रदेश पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, व्यापारी अरुणराज सुमार्गी लगायतको घर पर्ने ती कर्मचारी बताउँछन् ।

# 'नेप्से-३० इन्डेक्स' ल्याउने तयारी

**काठमाडौँ ।** नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले 'नेप्से-३०' नामको एउटा छुट्टै सूचक (इन्डेक्स) ल्याउने तयारी गरेको छ । दोस्रो बजार कारोबारलाई सुदृढ बनाउन सहयोग पुग्ने गरी सूचकाङ्कको विकास, सञ्चालन तथा व्यवस्थापनका लागि नयाँ इन्डेक्स जारी गर्न लागिएको नेप्सेले जनाएको छ । नेपाल स्टक एक्सचेञ्जका प्रवक्ता मुराहरि पराजुलीका अनुसार नेप्से-३० इन्डेक्सबारे विभिन्न सरोकारवालाबाट सुझाव लिएर केही समयभित्रै यसलाई सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

'नेप्से-३० इन्डेक्सबारे विभिन्न सरोकारवाला क्षेत्र र विज्ञमार्फत जेठ ५ गतेसम्म सुझाव लिनेछौँ । कार्यान्वयनयोग्य र सम्बोधन गरिनुपर्ने सुझाव आएमा तिनीहरुलाईसमेत समेटी चाँडै नै यो इन्डेक्स लञ्च हुनेछ,' पराजुलीले भने । नेप्सेले बुधबार सूचना जारी गर्दै प्रस्तावित नेप्से-३० इन्डेक्समाथि सरोकारवालामार्फत राय-सुझाव मागेको छ । बजारमा तत्काल कारोबारयोग्य (फ्री फ्लोट) शेयरलाई समावेश गरी बजार पुँजीकरणमा आधारित (भ्यालु वेटेड) सूचकाङ्कको रुपमा नेप्से-३० इन्डेक्स तर्जुमा हुने जनाइएको छ । यो सूचकाङ्कले बजार कारोबार तथा उतार-चढावलाई प्रतिविम्बित गर्नुका साथै डेरिभेटिभ प्रकृतिको निश्चित अवधिको कारोबार उपकरण सञ्चालन, पोर्टफोलियो व्यवस्थापन, एक्सचेन्ज ट्रेडेड फन्ड सञ्चालनलगायतमा सघाउ पुग्ने नेप्सेको भनाइ छ ।

'नेप्से-३० इन्डेक्सबाट दोस्रो बजार कारोबारमा नयाँ आयाम थपिने र लगानीकर्तालाई भविष्यमा थप कारोबारयोग्य उपकरण प्राप्त हुन जान्छ,' नेप्सेले भनेको छ, 'दीर्घकालीन महत्व राख्ने यस सूचकाङ्कको गणना विधि र यसमा समावेश गरिने सूचीकृत सङ्गठित संस्था छनोटको विधि पारदर्शी र विश्वसनीय बनाउन आवश्यक छ ।'

प्रस्ताविक नेप्से-३० इन्डेक्समा समावेश हुनका लागि सूचीकृत सङ्गठित संस्था छनोटका आधार पनि तोकिएका छन् । 'प्रतिशेयर चुक्ता मूल्यभन्दा प्रतिशेयर किताबी मूल्य बढी हुनुका साथै विगत पाँच आर्थिक वर्षमध्ये पछिल्लो आर्थिक वर्षसहित कम्तीमा तीन वर्ष खुद नाफामा रहेको कम्पनी नेप्से-३० इन्डेक्समा रहन योग्य मानिनेछ,' नेप्सले सूचनामार्फत भनेको छ, 'अघिल्लो आर्थिक वर्षमा प्रतिशेयर आम्दानी चुक्ता मूल्यको न्यूनतम १० प्रतिशत रही सोही वर्षको वार्षिक मुद्रास्फिति दरभन्दा बढी रहेको हुनुपर्नेछ ।'

त्यसैगरी, यस्तो इन्डेक्समा सूचीकृत हुन कम्पनीको कम्तीमा २५ प्रतिशत सर्वसाधारणमा जारी भएको वा कूल फ्रि-फ्लोट बजार पुँजीकरणमा सम्बन्धित कम्पनीको फ्रि-फ्लोट बजार पुँजीकरण एक प्रतिशतभन्दा बढी रहेको हुनुपर्नेछ । कम्तीमा २० हजारभन्दा बढी शेयर सदस्य रहेको, पछिल्लो छ महिना अवधिमा दैनिक औसत २५ लाख वा सोभन्दा बढी रकमको कारोबार भएको, दैनिक औसत पाँच हजार कित्ता वा सोभन्दा बढीको कारोबार भएको र दैनिक औसत ४० भन्दा बढी पटक कारोबार भएको कम्पनी नेप्से-३० इन्डेक्समा राख्न योग्य मानिनेछन् । त्यसैगरी, प्रस्तावित नेप्से-३० इन्डेक्सको गणना विधि पनि तयार पारिएको छ । 'प्रारम्भिक सूचीमा समावेश भएका सबै सूचीकृत सङ्गठित संस्थाको फ्रि-फ्लोट बजार पुँजीकरण, पछिल्लो वर्षको प्रतिशेयर आम्दानी, कारोबार रकम, कारोबार सङ्ख्या तथा कारोबार कित्ताका आधारमा कूल भार (कम्पोजिट वेट) गणना गरिनेछ,' नेप्सेले भनेको छ, 'सूचीकृत सङ्गठित संस्थाहरुलाई बैंक तथा वित्तीय संस्था, लघुवित्त, बीमा, जलविद्युत्, उत्पादनमूलक, व्यापार तथा सेवा गरी छ वटा क्षेत्रगत समूहमा वर्गीकरण गरी प्रत्येक समूहभित्र छुट्टाछुट्टै कम्पनीको आ-आफ्नो समूहमा कूल भार (सेक्टरल कम्पोजिट वेट) गणना गरिनेछ ।' यस्तो गणनापछि उच्चतम भार प्राप्त गर्ने संस्थाबाट आठवटा कम्पनी कम्पनी छनोट गरिनेछ । कुनै समूहमा आठ वटाभन्दा कम संस्था छनोट भएमा सबै संस्थालाई छनोट गरिने जनाइएको छ । अहिले नेप्सेमा विभिन्न १७ वटा इन्डेक्स छन् । सर्वसाधारण लगानीकर्ताको सबैभन्दा बढी चासो भने नेप्से इन्डेक्समा रहन्छ । नेप्से इन्डेक्समा सूचीकृत सबै कम्पनीको कारोबार प्रतिविम्बित हुन्छ । राम्रा-नराम्रा, लामो समयदेखि कारोबार नभएकादेखि फ्रिक्वेन्टी कारोबार हुने सबै कम्पनी त्यहाँ हुन्छन् । जसकारण बजारको वास्तविक अवस्था प्रतिविम्बित नहुन सक्छ ।

यसअघि नेप्से-५० इन्डेक्स ल्याउने गरी छलफल भइरहेको भए पनि अन्तिममा नेप्से-३० इन्डेक्स जारी गर्ने निर्णयमा नेप्से पुगेको हो । यो इन्डेक्सबाट लगानीकर्ताले मुख्यगरी तीनवटा सुविधा पाउने छन् । पहिलो, यसले बजारको वास्तविक अवस्था देखाउनेछ । दोस्रो, नेप्से-३० लाई आफैंमा एक सेक्युरिटीका रुपमा कारोबार गर्न सकिनेछ भने तेस्रो यसले प्यासिभ म्युचुअल फन्डलाई सहयोग गर्ने ठानिएको छ । नेप्से-३० कार्यान्वयनमा लैजाने तयारी नेप्सेले गरिरहँदा यसलाई कार्यान्वयनका लागि वातावरण बनाउन सकिन्छ वा सकिँदैन भन्ने विषय भने स्पष्ट छैन । किनकि, नेप्से-३० इन्डेक्स कार्यान्वयनमा ल्याएसँगै यसलाई नै प्रोडक्टका रुपमा कारोबार गर्न लगानीकर्ता तयार हुनुपर्ने हुन्छ । लगानीकर्ताले नेप्सेमा लगानी गर्दा निश्चित प्रतिशत मुनाफा (डेभिडेन्ट) को अपेक्षा गर्छन् तर नेप्से-३० इन्डेक्समा लगानी गर्ने लगानीकर्ताले मुनाफा भन्ने हुँदैन । कारोबारकै आधारमा त्यसको नाफा घाटा निर्धारण हुन्छ । जसकारण यस्तो प्रकृतिको इन्डेक्समा लगानी गर्नका लागि बजार तयार छ वा छैन भन्ने स्पष्टता देखिँदैन । बजारले 'इन्भेस्टमेन्ट टुल'का रुपमा मात्रै यो इन्डेक्सलाई प्रयोग गर्न सक्नेछ । त्यस्तै, कम्पनीको प्राविधिक विश्लेषणले यो इन्डेक्समा काम गर्दैन । यसमा अनुमानका आधारमा कारोबार हुन्छ ।

नेप्से-३० इन्जेक्स जारी हुँदा यसबाट नेप्सेको काम पनि बढ्नेछ । किन भने तथ्याङ्क विश्लेषण र कारोबार नियमनको काम नेप्सेमा थपिन्छ । कम्पनीको क्राइटेरिया विश्लेषण गर्ने, नियमन गर्ने, इन्डेक्स एडजस्मेन्ट गर्नेलगायतका काम नेप्सेले गर्नुपर्ने हुन्छ ।

# प्रतिव्यक्ति आय १ हजार ३ सय ९९ डलर

**काठमाडौँ ।** नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजार तीन सय ९९ अर्थात् रू एक लाख ८२ हजार छ सय ८३ बराबर पुगेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलबार सार्वजनिक गरेको आर्थिकवर्ष २०७९/८० कोवार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी विवरणानुसार प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन अमेरिकी डलर एक हजार तीन सय ९९ र प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन अमेरिकी डलर एक हजार चार सय १० बराबर देखिएको हो । यसवर्ष नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर उपभोक्ता मूल्यमा एक दशमलव ८५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव १३ प्रतिशत बराबर रहने अनुमान गरिएको छ । तथ्याङ्क कार्यालयका अनुसार चालु आवमा नेपालको जिडिपीको आकार आधारभूत मूल्यमा रू ४६ खर्ब ९६ अर्ब ४९ करोड र उपभोक्ता मूल्यमा रू ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर पुग्ने अनुमान गरिएको छ ।

जिडिपी अनुपातमा नेपालको कूल स्थिर पुँजी निर्माण (ग्रस फिक्स्ड क्यापिटल फर्मेसन) २५ दशमलव २१ प्रतिशत अर्थात् रू १३ खर्ब ५६ अर्ब ४६ करोड बराबर पुग्ने प्रक्षेपण गरिएको छ । त्यस्तै अन्तिम उपभोग खर्च (फाइनल कन्जम्सन एक्सेन्डिचर) जिडिपी अनुपातको ९३ दशमलव ५९ प्रतिशत बराबर रहने अनुमान गरिएको छ । त्यो रू ५० खर्ब ३६ अर्ब १५ करोड बराबर हो । जिडिपी अनुपातमा नेपालको वस्तु तथा सेवा निर्यातको हिस्सा सात दशमलव १५ प्रतिशत बराबर छ । यसवर्ष रू तीन खर्ब ८५ अर्ब ११ करोड बराबरको वस्तु तथा सेवा निर्यात गरिने अनुमान गरिएको छ । जिडिपी अनुपातमा वस्तु तथा सेवाको आयात भने ३६ दशमलव पाँच प्रतिशत बराबर छ । नेपालले यस वर्ष रू १९ खर्ब ६४ अर्ब ३३ करोड बराबर आयात गर्ने ठानिएको छ ।

त्यसैगरी चालु मूल्यमा राष्ट्रिय बचत (ग्रस नेसनल सेभिङ) कूल गार्हस्थ्य उत्पादनको ३१ दशमलव ६६ प्रतिशत बराबर छ । त्यस्तै जिडिपीमा विप्रेषणको अनुपात २२ दशमलव ८९ प्रतिशत बराबर हुने ठानिएको छ ।

# सबै सम्पत्ति हस्तान्तरण गर्न स्मार्ट टेलिकमलाई निर्देशन

**काठमाडौं ।** नेपाल दूरसञ्चार प्राधिकरणले स्मार्ट टेलिकम प्रालिलाई आफ्नो स्वामित(वमा रहेको सम्पत्ति हस्तान्तरण गर्न निर्देशन दिएको छ ।

लाइसेन्स नवीकरणका लागि शुल्कसहित आवेदन नदिएपछि नेपाल दूरसञ्चार प्राधिरकणले दूरसञ्चार ऐनअनुसार स्मार्ट टेलिकमको लाइसेन्स स्वतः खारेज भएको घोषणा गर्दै उक्त निर्देशन दिएको हो ।प्राधिकरणले बुधबार एक सूचना जारी गर्दै अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ९ को उपनियम (१) बमोजिम दूरसञ्चार पूर्वाधार संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल चालु अवस्थामा प्राधिकरणलाई हस्तान्तरण गर्न निर्देशन दिएको हो ।स्मार्टले नवीकरण दस्तुरका रुपमा मात्रै कुल २० अर्ब, १३ करोड २७ लाख ५० हजार रुपैयाँ तिर्नुपर्ने हुन्थ्यो । तर, ७५ करोड मात्रै तिरेर कम्पनीले नवीकरणका लागि तोकिएको ३ वैशाखसम्म आवेदन नै दिएन । राजनीतिक लबिइङ गरेर पछि तिर्ने गरी वातावरण बनाउने कम्पनीका लगानीकर्ताको प्रयास पनि सफल भएन । नवीकरण दस्तुरसहितको राजस्व समयमै नतिरेपछि १३ भदौ २०७६ मा पनि प्राधिकरणले स्मार्ट टेलिकमको लाइसेन्स खारेज गर्ने निर्णय गरेको थियो । तर, २१ पुस, २०७६ को मन्त्रिपरिषद् बैठकले ५ वटा किस्ताबन्दीमा बक्यौता रकम तिर्ने सुविधा दिनेगरी खारेजीको निर्णय बदर गरेको थियो । सरकारले २०७७ असार मसान्तसम्म बाँकी बक्यौताको पहिलो किस्ता तिर्न र बाँकी ४ किस्ता प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म तिर्न सुविधा दिएको थियो । अब स्मार्ट टेलिकमको सञ्चालन प्राधिकरणका सञ्चालक गोकर्ण सिटौलाको नेतृत्वमा रहेको व्यवस्थापन समूहले गर्नेछ । सो समितिले कम्पनीको सञ्चालक समिति सरह काम गर्नेछ ।स्मार्ट खारेज हुने अवस्था देखिएपछि सरकारले अड्चनलाई ध्यानमा राखेर दूरसञ्चार सेवाप्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली जारी गरेको थियो । यसअनुसार लाइसेन्स खारेजीपछि स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, प्रणाली दूरसञ्चार व्य(वस्थापन समूहको नियन्त्रणमा आएको छ । अब सरकारले मूल्य निर्धारण समिति गठन गरेर त्यस्ता सम्पत्तिको न्यूनतम मूल्य तोक्नेछ । यस्तो सम्पत्ति लिलाम बढाबढको माध्यमबाट बिक्री गर्न सकिनेछ । सम्पत्ति भन्दा दायित्व बढी रहेको अवस्थामा कुल दायित्वलाई न्यूनतम बोलपत्र अंक कायम गर्ने व्यवस्था छ । लिलाम सकार्ने कम्पनीले नयाँ अनुमतिपत्र पाउनेछ। खारेज भएको कम्पनीको सम्पत्ति सञ्चालनमा रहेको सेवा र ग्राहक उसैलाई हस्तान्तरण हुनेछ । लिलाम हुन नसके खारेज हुने कम्पनीको ऋण र दायित्व बोक्न तयार हुनेलाई अनुमपतिपत्र दिने व्यवस्था छ। यस्ता प्रयास असफल भएमा अनुमतिपत्र खारेज भएर फ्रिक्वेन्सी स्वतः प्राधिकरणको स्वामित्वमा आउनेछ ।

# नेपाली प्रेसका चुनौती र अवसर

**गोविन्द आचार्य ।**

यही वैशाख २० गते अर्थात् मे ३ विश्व प्रेस स्वतन्त्रता दिवस । यस अवसरमा विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाइँदै छ । सन् १९९३ मा संयुक्त राष्ट्र सङ्घको साधारणसभाले घोषणा गरेपछि युनेस्कोको आह्वानमा प्रत्येक वर्ष मे ३ का दिन संसारभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइँदै आइएको छ । 'स्वतन्त्र एवं बहुलतावादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको दिनको सम्झनामा हरेक वर्ष मे ३ तारिखमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आइएको हो ।

युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक सहरमा वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरू र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षपातीहरूको सहभागिता रहेको उक्त भेलामा विन्डहक घोषणापत्र जारी गरिएको थियो । घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाउनाका साथै प्रेसको स्वतन्त्रता र प्रेसले बहुलतामा ध्यान दिनुपर्ने दायित्वका विषयमा उक्त सम्मेलनले आफूलाई प्रस्टरूपमा उभ्याएको थियो ।




संयुक्त राष्ट्र सङ्घ महासभाले ३ मेलाई विश्व प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता दिवसका रूपमा घोषणा गरेको तीन दशक बितिसकेको छ । यसबीच एकातिर सबै स्वतन्त्रताहरुको प्रमुख मियो प्रेस स्वतन्त्रता हो भन्ने कुरा पुष्टि भइसकेको छ भने अर्कोतिर प्रेस स्वतन्त्रतामाथि नयाँ नयाँ चुनौती थपिँदै गएका छन् । अभिव्यक्ति स्वतन्त्रता र मिडिया स्वतन्त्रता कुण्ठित हुँदा हाम्रा सबै स्वतन्त्रताहरू जोखिममा परेको र पत्रकारहरु नै सडकमा राजनीतिक मुद्दा बोकेर उत्रनु परेका कैयौँ उदाहरण हामीसँग छन् । यसैगरी, डिजिटल मिडिया प्लेटफर्मको विकासले परम्परागत मिडियामाथि चुनौती थपिनाका साथै प्रेसको विश्वसनीयतामाथि नै प्रश्नहरु उठ्न थालेका छन् । यस अवस्थामा विश्व प्रेस स्वतन्त्रता दिवसका अवसर पारेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको स्वतन्त्र प्रवाह र पत्रकार सुरक्षाका विषयमा विहङ्गम छलफल हुनु आवश्यक छ ।

**प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको महत्व**

यस वर्ष युनेस्कोले 'अभिव्यक्ति स्वतन्त्रता अन्य सबै मानव अधिकारका लागि वाहक'का रूपमा रहेको ठहरसहित स्वतन्त्रता दिवसको आयोजना गर्दैछ । सबै मानव अधिकारहरुमध्ये प्रमुख र शीर्ष स्थानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थान रहनुले यसको महत्व स्वतः स्पष्ट हुन्छ । हामीले जुनकुनै राज्य व्यवस्था लोकतान्त्रिक हो कि होइन भनेर मापन गर्ने आधार पनि त्यहाँ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चितताको अवस्था के छ, त्यसका आधारमा छुट्याउन सक्दछौँ । प्रेसले पूर्ण रुपमा स्वतन्त्रता पायो भने मात्रै त्यसले जनतालाई सही सूचना सम्प्रेषण गर्नाका साथै लोकतान्त्रिक शासनलाई जिम्मेवार र उत्तरदायी बनाउन पनि भूमिका खेल्न सक्छ । त्यसैले पूर्ण लोकतन्त्रमा मात्रै पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्भव हुन्छ ।

लोकतान्त्रिक मुलुकमा सधैँ प्रेसले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग र रक्षाका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । प्रेस स्वतन्त्रता विनाको समाज अपूर्ण हुन्छ । प्रेस स्वतन्त्रता भएन भने कुनै पनि स्वतन्त्रता सम्भव हुँदैन । लोकतन्त्रको अभिन्न अङ्ग स्वतन्त्र प्रेस नै हो । त्यसैले यसलाई लोकतन्त्रको अक्सिजन पनि भनिन्छ । यसरी सबै अधिकारको भविष्य अभिव्यक्ति स्वतन्त्रतामा निर्भर रहन पुग्दछ । भारतका अर्थशास्त्री अमर्त्य सेनले 'जहाँ प्रेस स्वतन्त्रता रहन्छ, त्यहाँ कुनै पनि मानिस भोकै मर्दैन' भनेर यसको महत्वको दायरालाई झल्काएका हुन् । यस्तै, एकपटक फ्रान्सका शासक नेपोलियन बोनापार्टले आफूलाई चार हजार दुस्मन सैनिकका सङ्गीनसँग भन्दा चारवटा विरोधी अखबारसँग डर लाग्ने बताएका थिए । त्यसैगरी, अमेरिकी विद्वान जोफर्सनले त 'मलाई सरकार वा अखबारमध्ये एक छान्न दिइयो भने निःसन्देह अखबार छान्नेछु । किनकि सरकार ढल्न सक्छ तर पत्रकारिता ढल्दैन' भनेका थिए ।

**प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय प्रत्याभूति**

संयुक्त राष्ट्र सङ्घीय महासभाद्वारा सन् १९४८ मा सर्वसम्मतरुपमा पारित गरिएको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रसहित नेपालले हस्ताक्षर गरेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरिएको छ । नेपालले हस्ताक्षर गरी अनुमोदनसहित कार्यान्वयनको प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा घोषणापत्रहरुको पूर्ण पालना गर्नु नेपालको दायित्व हो । नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय सन्धिहरु नेपाल कानुनसरह लागू हुने र त्यस्ता सन्धिहरुसँग बाझिने गरी नेपालले कानुन बनाउन नपाउने र बाझिएको पाइएमा अन्तर्राष्ट्रिय सन्धिकै प्रावधान लागू गर्नुपर्ने संवैधानिक र कानुनी बाध्यता रहेको छ । अतः नेपालले अनुमोदन गरेका सबै अन्तर्राष्ट्रिय सन्धिहरु नेपालका लागि बाध्यकारी कानुनी दस्तावेज हुन् ।

संयुक्त राष्ट्र सङ्घ स्थापनाको तीन वर्षपछि सन् १९४८ डिसेम्बर १० मा सम्पन्न संयुक्त राष्ट्र सङ्घको साधारणसभाले सर्वसम्मतरुपमा पारित गरेको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मानवअधिकारको आधारभूत मापदण्डका रुपमा अङ्गीकार गरेको छ । यो घोषणापत्रको धारा, १९ मा भनिएको छ 'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकटोक कुनै भौगोलिक सिमानाको अधीनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ ।' संयुक्त राष्ट्र सङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा, १९ को प्रस्तुत व्यवस्था नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरिएको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज हो । संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रहरुले यो दस्तावेजअनुरुप आ-आफ्ना देशका राष्ट्रिय कानुन निर्माण गर्ने गरेको पाइन्छ । यसरी यस घोषणापत्रलाई विश्वभरि नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि महत्वपूर्ण मार्गदर्शनका रुपमा लिने गरिन्छ ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा संस्थागत गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारलाई संयुक्त राष्ट्र सङ्घको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा पनि उल्लेख गरिएको छ, जसलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरिसकेको छ । संयुक्त राष्ट्र सङ्घको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा, १९ ले विचार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्नाका साथै अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण गर्नुपर्ने दायित्वसमेत तोकेको छ । विश्वव्यापी घोषणापत्र पारित भएको ७५ वर्ष पूरा हुँदा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई धेरै अन्तर्राष्ट्रिय दस्तावेजहरूमा थप पुष्टि र समावेश गरिएको छ । नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि सन् २००६ सहित अन्य धेरै विश्वव्यापी दस्तावेजमा यसलाई समेटिएको छ । युरोपेली, अफ्रिकी र अमेरिकी क्षेत्रीय अधिकार सन्धिहरुले पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई संरक्षण गरेका छन् । विश्वका धेरै देशका संविधानमा अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत प्रेस स्वतन्त्रतालाई अवलम्बन गरेको पाइन्छ ।

**संविधानमा प्रेस स्वतन्त्रता र कानुन निर्माणको सवाल :**

नेपाली जनतावाट चुनिएका प्रतिनिधिले संविधान सभामार्फत पहिलोपटक निर्माण गरेको नेपालको संविधान २०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरिएको छ । संविधानको प्रस्तावनामै उल्लिखित प्रेस स्वतन्त्रताको सुनिश्चिततालाई संविधानका विभिन्न धारामा स्वतन्त्रताको हक, सञ्चारको हक र सूचनाको हकका रुपमा थप व्यवस्थित र ग्यारेन्टी गरिएको छ ।

सञ्चारको हकलाई संविधानको धारा, १९ मा सुनिश्चित गरेको छ । धारा, १९ को उपधारा (१) मा सञ्चारको हकलाई यसरी प्रत्याभूत गरेको छ- 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।' यसैगरी, उपधारा (२) मा 'कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।' यसैगरी, धारा, १९ उपधारा (३) मा कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने उल्लेख गरिएको छ । धारा, २७ मा सूचनाको हक प्रत्याभूत गरिएको छ । उक्त धारामा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन', भनिएको छ । यसैगरी, गोपनीयताको हकलाई धारा, २८ मा राखेर कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने व्यवस्था गरिएको छ ।

संविधानमा प्रत्याभूत गरिएको सञ्चारसम्बन्धी हकलाई पनि सङ्घ, प्रदेश र स्थानीय तहसम्म बाँडफाँट गरिएको छ । संविधानको अनुसूची ५ मा सङ्घ, अनुसूची ६ मा प्रदेश र अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरू सूचीकृत गरिएका छन् भने सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ७ र ९ मा समावेश गरिएको छ ।

संविधानमा विभिन्न तहलाई तोकिएको अधिकार र जिम्मेवारीको बाँडफाँटसम्बन्धी व्यवस्था कानुन बनाएर मात्रै कार्यान्वयन हुन सक्दछ । सबैभन्दा पहिले सङ्घ, त्यसपछि प्रदेश अनि स्थानीय तहमा कानुनी व्यवस्था हुँदा यी अधिकार र जिम्मेवारीको सहज कार्यान्वयन हुन सक्दछन् । तर सङ्घमा नयाँ संविधान जारी भएदेखि अहिलेसम्म विज्ञापन ऐनबाहेक सञ्चारसम्बन्धी अन्य कुनै पनि कानुन बन्न सकेका छैनन् । सङ्घमा कानुन नबनेका कारण प्रदेश र स्थानीय तहमा निर्माण भएका कतिपय सञ्चारसम्बन्धी कानुन पनि सहज ढङ्गले कार्यान्वयनमा जान सकेका छैनन् ।

संविधानमा व्यवस्था भएको सञ्चारको हकलाई कार्यान्वयन गर्न नेपालमा सङ्घमा छापा, अनलाइन, रेडियो, टेलिभिजनसहितका सबै सञ्चार माध्यमको स्थापना र सञ्चालनका लागि नियमन गर्न आम सञ्चारमाध्यमसम्बन्धी एकीकृत ऐन बनाउन पहल सुरु भएको छ । अहिले सञ्चार मन्त्रालयमा यससम्बन्धी कानुनको मस्यौदा बन्दैछ । सोही ऐनमा व्यवस्था गरी सञ्चारमाध्यमको नियमन (कन्टेनबाहेक)का लागि स्वायत्त र स्वतन्त्र निकायका रुपमा आम सञ्चार प्राधिकरण स्थापना गर्ने तयारी हुँदैछ । यसैगरी, सरकारी स्वामित्वमा सञ्चालन भइरहेका रेडियो नेपाल र नेपाल टेलिभिजनलाई संसद् मातहत राखी सार्वजनिक सेवा प्रसारण माध्यमका रुपमा सञ्चालन गर्ने व्यवस्थाका लागि सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक संसद्को प्रतिनिधिसभामा विचाराधीन छ । यसैगरी, मिडियाका कन्टेनको नियमनका लागि प्रेस काउन्सिललाई सङ्घीय ढाँचामा विस्तार गरी यसको पुनःसंरचना गर्ने र सिङ्गो मिडियाको अनुगमनकारी निकायका रुपमा मिडिया काउन्सिल स्थापित गर्ने उद्देश्यले मिडिया काउन्सिल विधेयक अघि बढाउने सञ्चार मन्त्रालयले तयारी गरेको छ । विगतमा संसद्मा पुगेको र अत्यन्तै विवादास्पद बनेको यस विधेयकलाई प्रेस स्वतन्त्रताको मूल्य मान्यताअनुरुप हुने गरी नयाँ ढङ्गले अघि बढाउन खोजिँदैछ । यसैगरी, विज्ञापन ऐनमा व्यवस्था भएअनुरुप सबै प्रकारका सरकारी विज्ञापन समानुपातिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था कार्यान्वयनका लागि सरकारले नियमावली संशोधनको प्रक्रिया अघि बढाएको छ ।

**प्रेसका तत्कालीन मुद्दा सम्बोधनको पहल**

पत्रकारिता क्षेत्रले विगत लामो समयदेखि उठाउँदै आएका र सबैजसो सरकारले पटकपटक प्रतिबद्धता जनाएका पत्रकारिता क्षेत्रका ज्वलन्त मुद्दासमेत हालसम्म पूरा हुन सकिरहेको छैन । केही समयअघि प्रधानमन्त्री बन्नुभएका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रेसका मुद्दा सम्बोधनको पहलकदमी सुरु गर्नुभएको छ । श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, पत्रकारको दक्षता अभिवृद्धिका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, सञ्चारमाध्यमको नियमनका लागि आमसञ्चार प्राधिकरणजस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनःसंरचना, सञ्चारमाध्यमलाई सञ्चार सेवा उद्योगको मान्यता, विज्ञापन बोर्डमार्फत सरकारी विज्ञापनको समानुपातिक वितरण, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, ज्येष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं एकीकृत आमसञ्चार विकास कोषको स्थापनाका लागि सरकारका तर्फबाट पहल भइरहेको प्रधानमन्त्रीबाटै सार्वजनिक भएको छ । यस्तै, मिडियालाई सहुलियतपूर्ण ऋण, साना लगानीका मिडियाको कर र रोयल्टीमा छुट, अति दुर्गम, विभिन्न राष्ट्रभाषा, महिला, दलित, अपाङ्गता भएका व्यक्तिले चलाएका मिडियाको प्रवर्द्धनलगायतका विषयमा पनि प्रधानमन्त्रीले प्रतिबद्धता जनाउनुभएको छ । साथै कोरोनाका कारण थला परेको नेपाली मिडिया क्षेत्रलाई त्यसबाट बाहिर निकाल्न सरकारी तहबाटै राहत प्याकेजसहितको योजना अघि बढाउन पहल सुरु हुँदैछ । यस्तैगरी, राज्यका सञ्चारसम्बन्धी संरचनाहरुको पुनःसंरचनाको पनि सुरुआत गरिँदैछ ।

**प्रेसको दायित्वः मर्यादित र जिम्मेवार पत्रकारिता**

हामीले प्रेस स्वतन्त्रताको कुरा गरिरहँदा प्रेसको दायित्वलाई भुल्नु हुँदैन । प्रेसको अधिकार वा प्रेस स्वतन्त्रता भनेको पत्रकारको अधिकारको विषय होइन, यो त महत्वपूर्ण नागरिक अधिकार हो ।

हाम्रो संविधानले हरेक नेपाली नागरिकलाई विनाकुनै रोकटोक, जुनसुकै माध्यमबाट आफ्ना विचार सार्वजनिक गर्ने अधिकारको सुनिश्चित गरेको छ । यही नागरिक अधिकारको प्रयोग प्रेसको माध्यमबाट हुन्छ । त्यसैले प्रेस सधैँ समाजप्रति उत्तरदायी हुन्छ र प्रेसप्रति जहिल्यै नागरिकलाई प्रश्न गर्ने छुट हुन्छ र हुनु पर्दछ । प्रेस स्वतन्त्रताको अर्थ जे पनि लेख्न र बोल्न पाइन्छ भन्ने होइन ।

यसका पनि केही निश्चित सीमा वा सर्तहरु पनि तोकिएका हुन्छन् । यी सीमा वा सर्तको पालनाले प्रेसलाई जिम्मेवार मात्र होइन, मर्यादितसमेत बनाउँछ । अरूको अधिकार वा प्रतिष्ठाको सम्मान तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक सुव्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण गर्ने दायित्व प्रेसको पनि हो ।

पत्रकारिता क्षेत्रलाई स्वस्थ, स्वतन्त्र, जिम्मेवार र मर्यादित बनाउनका निम्ति प्रेस आफैँले तय गरेको पत्रकार आचारसंहिताको पूर्ण पालना हुन सक्यो भने प्रेस सधैँ जिम्मेवार र नागरिकप्रति उत्तरदायी रहन्छ ।

# 'सधैँ कर्मचारीकै पिरलो'

**जनकपुरधाम ।** धनुषाको धनौजी गाउँपालिकाका अध्यक्षले एक वर्षमा तीन कार्यालय प्रमुखसँग काम गरे । अहिले उनले तेस्रो कार्यालय प्रमुखका रूपमा रञ्जितकुमार यादवसँग काम गरिरहेका छन् । यादव कार्यालय प्रमुखका रूपमा यहाँ आएको करिब तीन महिना हुन थालेको छ । 'एक वर्षमा तीन जना कार्यालय प्रमुखसँग काम गर्नुपर्‍यो । चालु आर्थिक वर्षको योजना कार्यान्वयन नहुँदै दुई जना फेरिए । लगातार २० दिन काठमाडौँमै बसेर सबैतिर धाएपछि मात्रै अहिलेको प्रमुख ल्याउन सफल भएको हुँ', गाउँपालिका अध्यक्ष राजकुमार साहले भन्नुभयो, 'खै ! कर्मचारी धेरै बस्नै नमान्ने ? अनि कसरी काम गर्नु ?'




मङ्गलबार अध्यक्ष साहको कार्यकक्षमा पुग्दा उनी कसैसँग फोनमा कुरा गर्दै थिए, 'अब काम हुन्छ, पाँच-सात दिनपछि हाकिम आउनुहुन्छ अनि भेटौँ न ।' फोन राखेपछि अध्यक्ष साहले भने, 'कार्यालय प्रमुख बिदामा हुनुहन्छ । एउटा कर्मचारी बिदामा बस्यो भने काम गर्न अर्को हुँदैन । कहिले कर्मचारीको अभाव, कहिले उपभोक्ता समितिको विवाद, फेरि चैत कटेपछि मात्र काम गर्ने परिपाटी । के गर्नु समस्यामाथि समस्या छन् ।'

अध्यक्ष साहका अनुसार धनौजी गाउँपालिकामा विकासका गतिविधि राम्ररी सुरु भएको करिब एक महिनामात्रै भएको छ । बाँकी समय अघिल्लो वर्षको भुक्तानी विवाद मिलाउनमै गएकाले नयाँ योजना कार्यान्वयनबारे ठोसरूपमा लाग्नै नपाएको साहको भनाइ थियो ।

'म निर्वाचित भएर आउँदा पहिलेको करिब रु पाँच करोड बक्यौता रकम थियो । पहिलेका दुई जना कार्यालय प्रमुखको समय त्यसैमा गयो । अहिलेको प्रमुख आएपछि विवाद र प्रक्रिया मिलाएर करिब रु चार करोड ५० लाख बक्यौता तिर्‍यौँ, अझै करिब रु ५० लाख तिर्न बाँकी छ', अध्यक्ष साहले भने, 'त्यही झमेलामा अल्झिएकाले समयमा अरु काम सुरु गर्न सकेनौँ । त्यसैले अहिले निकै चाप छ ।'


सो गाउँपालिकामा चालु आवमा करिब रु १२ करोड विकास बजेट छ । त्यसमध्ये अधिकांश योजना वडास्तरबाट सञ्चालन भइरहेका छन् । गाउँपालिका स्तरबाट अहिले एउटा बर्थिङ सेन्टर स्थापना, पाँच वडा कार्यालयमा रहेका स्वास्थ्यचौकीको स्तरोन्नति, गाउँपालिकामा रहेका आठवटा सामुदायिक विद्यालयमा बालविकास कक्षा सञ्चालनका लागि व्यवस्थापनलगायतका काम भइरहेका अध्यक्ष साहले जानकारी दिए । त्यसैगरी स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर एम्बुलेन्स खरिद, स्वास्थ्य परीक्षण प्रयोगशाला स्थापना र नागरिकको मागअनुसार शौचालय सरसफाइका लागि सेफ्टीट्याङ्की पनि सञ्चालन भइरहेको अध्यक्ष साहको भनाइ छ । उनले कृषि क्षेत्रको सुधारका लागि चालु आवमा पाँच कृषि सडक, सिँचाइ सुविधाका लागि बोरिङ सञ्चालन गर्न विद्युतीकरणको कामसमेत यसै आवमा गर्ने गरी सुरु हुने बताए ।

वडा नं २ का अध्यक्ष उदयकुमार साहले चालु आवमा पाँचवटै वडामा चार-चार गरी २० बोरिङ थप्ने योजना रहेको सुनाए । 'अहिलेसम्म अघिल्लो वर्षको बक्यौता रकम भुक्तानी विवाद मिलाउनमै समय बित्यो, उपभोक्ता समितिबाट नयाँ काम गर्नै सकिएन', वडाध्यक्ष साहले भने, 'अब सकेसम्म उपभोक्ता समिति बनाउने, नभएमा सार्वजनिक खरिद ऐनको प्रावधानअनुसार कोटेशनमार्फत योजना कार्यान्वयन गर्ने गरी अगाडि बढेका छौँ ।'

धनौजीमा मात्रै होइन यहाँका अधिकांश स्थानीय तहमा कर्मचारीको अभाव, अघिल्लो वर्षको आर्थिक दायित्व, योजनामा नियतगत र प्रक्रियागत त्रुटि, राजनीतिकरूपमा बेमेललगायतका कारणले समयमै काम सुरु हुनसकेको छैन । 'अघिल्लो कार्यकालमा वडा नं २ को अध्यक्ष भएर काम गरिसकेकाले त्यही अनुभवका आधारमा सबैलाई मिलाएर काम त गर्न सक्छु तर कर्मचारीको अभाव पूर्ति, योजना कार्यान्वयनका क्रममा हुने समस्या मेरोमात्रै नियन्त्रणको विषय रहेन । निकै दुःख गरेर ल्याएको अहिलेको कार्यालय प्रमुखले केही वर्ष हामीसँगै काम गर्नुहुनेछ र सङ्घीय सरकारले चाँडै कर्मचारीको अभाव पूर्तिको दीर्घकालीन उपाय ल्याउने छ भन्ने आशा छ । यति भएमा आगामी आवमा राम्ररी जनताका काम हुनेछन्', अध्यक्ष साहले आशा व्यक्त गरे ।

# 'अल्पसंख्यकसँग प्रहरी' कार्यक्रम लोकप्रिय बन्दै

**जलेश्वर ।** महोत्तरीका गाउँ-गाउँमा पछिल्लो दुई महिनादेखि चलिरहेको 'अल्पसंख्यकसँग प्रहरी' कार्यक्रम लोकप्रिय बन्दै गएको छ । वर्षौंदेखि न्याय, कानुन, प्रहरी, प्रशासनसम्बन्धी जानकारीको अभावमा विभिन्न समस्या झेल्दै आएका जिल्लाका दलित, जनजाति, सीमान्तकृत र अल्पसंख्यक समुदायको न्यायमा पहुँच बढाउन जिल्ला प्रहरी कार्यालयले अल्पसंख्यकसँग प्रहरी कार्यक्रम सुरु गरेको हो ।




यस कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रकाश मल्ल स्वयं प्रहरी टोलीका साथ जिल्लाको दलित तथा अल्पसंख्यक गाउँ बस्तीमा पुगेर उनीहरुसँग कुराकानी र उनीहरुको सुखदुःख बुझ्न थालेपछि स्थानीय खुलेर प्रहरीसमक्ष आफ्ना समस्या राख्न थालेका छन् ।

प्रमुख मल्लले जिल्ला प्रहरी कार्यालयद्वारा अभियानकै रुपमा यस कार्यक्रमको थालनी गरिएको बताए । उनले जिल्ला प्रहरी कार्यालय र मातहतका चौकीका टोली गाउँगाउँमा पुगेर कानुन, न्याय र अपराधबारे जानकारी नभएका दलित, जनजाति र अन्य सीमान्तकृत अल्पसंख्यक समुदायको कानुनमा पहुँच बढाउन जिल्लाभर नै कार्यक्रम सुरु गरिएको बताउनुभयो । यस कार्यक्रमअन्तर्गत प्रहरीले अल्पसंख्यक समुदायले सुविधा लिँदा भोग्नु परेको समस्या, गाउँघरमा हुने आपाराधिक घटनालगायतका बारेमा सर्वसाधारणलाई जानकारी गराइरहेका छन् ।

पुस्तौँदेखि कुनै पनि घटना हुँदा प्रहरी समक्ष पुग्न नसकेर यी समुदाय अपराध सहन गरेर चुपचाप बस्दै आइरहेका थिए । अहिले प्रहरी प्रमुखसहितको टोली गाउँमा पुग्दा यी समुदायका व्यक्तिले आफूहरुले भोग्नुपरेका मिटरब्याजको समस्या, छुवाछुतको समस्या, घरेलु हिंसा, महिला हिंसा, मदिरा नियन्त्रण, लागुऔषध प्रयोग र मानव बेचबिखनमा रोक, गरिबीका कारण उपचारमा समस्यालगायतका सामाजिक हिंसा भड्काउने तथा बढाउने तत्वको पहिचान गर्दै यसको न्यूनीकरणमा प्रहरी सक्रिय हुनुपर्ने सुझाव दिएका छन् ।

अहिले अल्पसंख्यक समुदायले आफना विभिन्न समस्या प्रहरी समक्ष निर्धक भएर पोखिरहेका छन् भने आफूहरु कुन समस्याबाट कसरी जोगिने भनेर प्रहरी प्रमुखको मुखबाटै सुनेर निक्कै हौसिएको तथा आत्मबल बढेको लोहारपट्टी नगरपालिकाका बासिन्दा लक्ष्मण बैठा बताउनुहुन्छ । समाजमा हुने गरेका आपराधिक घटना न्यूनीकरण र हरेक समुदायको न्यायमा पहुँच दिने उद्देश्यका साथ प्रहरीले गाउँ-गाउँमा चलाएको यो अभियान निक्कै सार्थक रहेको पिपरा गाउँपालिकाकी बासिन्दा सुकेश्वरी देवीले बताए ।

त्यसैगरी लोहारपट्टीकै बासिन्दा छेदी पासवान, नागेन्द्र पासवानलगायतले अल्पसंख्यकसँग प्रहरी कार्यक्रममा सरिक भएपछि अब आफूहरु पनि आफ्ना हकअधिकार तथा पहुँचका लागि आवाज उठाउन सक्षम भएको र अन्यायमा परेका बेला प्रहरी, प्रशासनसम्म पुग्न आँट आएको भन्दै खुसी व्यक्त गरे ।

प्रहरी प्रमुख मल्लले यस कार्यक्रमले प्रहरी र नागरिकबीचको सहकार्य तथा हातेमालोबाट जिल्लामा अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम हुने विश्वास व्यक्त गरे । जिल्लाका विभिन्न पालिकाका बस्तीमा हुने गरेको यस कार्यक्रममा उल्लेख्य रुपमा सर्वसाधारणको उपस्थिति रहने गरेको उनले बताए ।

# 'अष्ट्रेलियाले भारतजस्ता प्रमुख शक्तिराष्ट्रसँग सम्बन्ध विस्तार गर्नुपर्छ'

**क्यानबेरा ।** दक्षिण चीन सागरमा चीनको बढ्दो दाबी र विधिमा आधारित व्यवस्था जोखिममा परेको भन्दै अष्ट्रेलियाले भारत र जापानलगायत रणनीतिक हिन्द प्रशान्त क्षेत्रका प्रमुख साझेदारहरूसँग आफ्नो कूटनीतिक र रक्षा साझेदारीलाई अझ सघन बनाउने बताएको छ।

क्यानबेराले गत सोमबार सार्वजनिक गरेको रक्षासम्बन्धी रणनीतिक प्रतिवदेनमा भारतलगायत प्रमुख शक्तिराष्ट्रसँग आफ्नो सैन्य सम्बन्ध र व्यावहारिक सहयोग विस्तार गर्न जारी राख्नुपर्नेमा जोड दिएको हो।

बढ्दो चिनियाँ गतिविधिबाट अस्ट्रेलियाको राष्ट्रिय हितमा प्रतिकूल असर पर्नसक्ने उल्लेख गर्दै प्रतिवेदनमा हिन्द-प्रशान्त क्षेत्रमा प्रमुख शक्तिबीचको प्रतिस्पर्धाले अष्ट्रेलियालाई भारतलगायत शक्ति राष्ट्रसँग सहकार्य र साझेदारी गर्नुपर्ने सुझाव दिइएको हो । संयुक्त राज्य अमेरिकाको हिन्द-प्रशान्त



क्षेत्रमा एकध्रुवीय नेतृत्व नरहेको र चीन-अमेरिकाबीचको तीव्र प्रतिस्पर्धा द्वन्द्वको कारक बन्नसक्ने भएकाले त्यसतर्फ सचेत हुन सुझाइएको छ। 'अष्ट्रेलियाले जापान र भारतलगायत प्रमुख शक्तिहरूसँग आफ्नो सम्बन्ध र व्यावहारिक सहयोग विस्तार गर्न जारी राख्नुपर्छ, क्यानबेराले क्षेत्रीय एकता र विकासका लागि लगानी गर्न आवश्यक छ,' प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदन अस्ट्रेलियाको रक्षा बलका पूर्व प्रमुख एङ्गस ह्युस्टन र पूर्व रक्षामन्त्री स्टीफन स्मिथले तयार पारेको प्रतिवेदनमा रक्षा र राष्ट्रिय सुरक्षा खर्चमा वृद्धि, राष्ट्रिय खुफियाका तत्वहरूको पुनर्गठन र साइबर सुरक्षामा पर्याप्त लगानी गर्नुपर्नेमा जोड दिइएको छ । हिन्द-प्रशान्त रणनीतिक ढाँचा अपनाउने, क्षेत्रीय रणनीतिक योजनाका साथै बहुपक्षीय, त्रिपक्षीय र द्विपक्षीय साझेदारी विस्तार गर्दै जापान, भारत र संयुक्त राज्य अमेरिका संग क्वाड साझेदारी अभिवृद्धि हुनुपर्ने प्रतिवेदनको सुझाव छ । प्रतिवेदनले अस्ट्रेलिया र चीनबीचको स्थिर सम्बन्ध दुवै देश र बृहत् क्षेत्रको हितमा रहेको बताएको छ।

अष्ट्रेलियाले चीनसँगको सहयोग जारी राख्नुपर्ने, असहमति र मतभिन्नतालाई बुद्धिमानीपूर्वक व्यवस्थापन गर्नुपर्ने र राष्ट्रिय हितलाई सर्वोपरि मानेर अघि बढ्नुपर्ने खाँचो प्रतिवेदनमा औंल्याइएको छ । चीनको द्रुततर आर्थिक विकासबाट अष्ट्रेलियासहित हिन्द- प्रशान्त क्षेत्रका धैरै देशहरूलाई फाइदा पुग्ने प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदन सार्वजनिक गर्दै प्रधानमन्त्री एन्थोनी अल्बानीजले आगामी दशकमा अष्ट्रेलियाको रणनीतिक नीति, रक्षा योजना र स्रोतहरूका लागि खाका तयार गर्न प्रतिवेदन सहयोगी हुने बताए।

# खेलाडी उत्पादन गर्न पौडी पोखरी निर्माण

**खजुरा ।** बाँकेको खजुरामा पहिलोपटक निजी क्षेत्रबाट ठूलो लगानीमा पौडी पोखरी सञ्चालनमा आएको छ। खजुरा गाउँपालिका-४ स्थित मिनीपार्क उद्यानले पौडी पोखरी सञ्चालनमा आएको हो।

मनोरञ्जनका लागि मात्र नभई बाँकेमा पौडी खेलाडी उत्पादन गर्ने उद्देश्यले उक्त पोखरी निर्माण गरिएको छ । खजुराको पर्यटन प्रवर्द्धनमा पौडी पोखरीले उल्लेख्य भूमिका निर्वाह गर्ने गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर विकले बताए। नले भने, 'उद्यानसहित मीठा परिकारले यहाँ आन्तरिक तथा बाह्य पर्यटक बढाउने छ, जिल्लाको ग्रामीण क्षेत्रमा खोलिने यस्ता पौडी पोखरीले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्छन् । यसलाई दीर्घकालीनरूपमा



संरक्षण गर्न जरुरी छ।'

'स्वास्थ्य र सुरक्षाका लागि, खेलाडी राष्ट्रका लागि' नाराका साथ उक्त पोखरी सञ्चालनमा ल्याइएको उद्यानका सञ्चालक टेक श्रेष्ठले बताए। उनले भने, 'यो पौडी पोखरी मनोरञ्जनका लागिमात्रै नभएर खेलाडी उत्पादन गर्ने उद्देश्यले पनि निर्माण गरिएको हो।' पोखरीको लम्बाइ २५ मिटर र चौडाइ १२ दशमलव पाँच मिटरको छ। उक्त पोखरीको गहिराइ तीन दशमलव पाँच फिटदेखि सात फिटसम्म छ भने बालबालिकाका लागि छुट्टै एक दशमलव पाँच फिट गहिराइको पोखरी निर्माण गरिएको छ । करिब रु दुई करोडभन्दा बढी लगानीमा पौडी पोखरी निर्माण गरिएको सञ्चालक श्रेष्ठले बताए । उक्त पोखरीमा प्रशिक्षणको समेत व्यवस्था गरिएको छ । प्रशिक्षक चन्दराम चौधरीले प्रशिक्षण दिने बताइएको छ।

# इरानी महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार



**संयुक्त राष्ट्रसङ्घ ।** संयुक्त राष्ट्रसङ्घले सत्य र जवाफदेहिताप्रतिको अटुट प्रतिबद्धताका लागि इरानका तीन जना महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ।

मङ्गलबार राति गरिएको घोषणाअनुसार गत सेप्टेमबरमा २२ वर्षीया महसा अमिनीले आफ्नो शिर राम्ररी नढाकेको अभियोगमा धार्मिक प्रहरी हिरासतमा लिइएपछि भएको उनको मृत्युको खबर सम्प्रेषण गर्ने निलोफर हमेदी महसाको अन्त्येष्टिको समाचार लेख्ने इलाहे मोहम्मदी हुन् । अमिनीको मृत्युपछि इरानका दर्जनौं शहरमा महिनौंसम्म विरोध प्रदर्शन भएका थिए । तेस्रो विजेता नरगेस मोहम्मदी हुन् । इरानमा लामो समयदेखि काम गरेकी उनी प्रेस स्वतन्त्रता र मान( वअधिकारकार रक्षाका खातिर वर्षौंदेखि अग्रमोर्चामा रहेर काम गरेकी अग्रणी पत्रकार हुन्। पुरस्कृत पत्रकारहरू कारागारमा छन्। उनीहरूलाई अमेरिकासँग मिलेर काम गरेको तथा इरानको राष्ट्रिय सुरक्षा प्रतिकूल गतिविधि गरेको अभियोग लगाइएको छ।

युनेस्कोका महानिर्देशक अड्रे अजौलेले आक्रमण, धम्की र असुरक्षाका बीच पेशाप्रति प्रतिबद्ध भएर लागेका महिला पत्रकारहरू पुरस्कृत भएका बताउँदै उनीहरूलाई इरान सरकारले कारगारमुक्त नगरेसम्म विश्वभरका पत्रकार एवम् स्वतन्त्रतापक्षधरहरूले उनीहरूका पक्षमा आवाज बुलन्द गर्नुपर्नेमा जोड दिएका छन्।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक एवम् सांस्कृतिक सङ्गठन ९युनेस्को० विश्व प्रेस स्वतन्त्रता पुरस्कार सन् १९८६ को डिसेम्बर १७ मा हत्या गरिएका कोलम्बियाली पत्रकार गुईलेर्मो कानोको नाममा स्थापना गरिएको हो।

पत्रकार गुइलेर्मो आफ्नो पत्रिका एल एस्पेक्टाडोरको कार्यालय अगाडि मारिएका थिए । सन् १९८७ देखि हरेक वर्ष मे ३ मा विश्वभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइने गरेको छ।

# 'पोखरा स्पोर्टस् अवार्ड' शनिबार

**गण्डकी ।** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले गर्न लागेको सातौं संस्करणको पोखरा स्पोर्टस् अवार्डको तयारी अन्तिम चरणमा पुगेको छ।

यही वैशाख २३ गते पोखरा सभागृह हलमा हुने कार्यक्रमका लागि गठित मूल आयोजक समितिसहित विभिन्न १३ उपसमितिले आफ्नो तयारीलाई अन्तिम चरणमा पुऱ्याएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । कार्यक्रममा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकार अवार्ड गरेर कूल सात विधामा अवार्ड प्रदान गरिनेछ।

यी मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक र वर्ष उदीयमान खेलाडी विधाको मनोनयन सार्वजनिक भइसकेको छ । वर्ष खेलाडी पुरुषतर्फ क्रिकेटका करण केसी (बागलुङ), आर्चरीका गङ्गाबहादुर कुँवर (तनहुँ) र टेनिसका प्रदीप खड्का (कास्की) मनोनयनमा परेका छन् । वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजिना थापामगर (बागलुङ), फुटबलकी सावित्रा भण्डारी (लमजुङ) र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर (बागलुङ) रहेका छन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने छन्।

उदीयमान खेलाडीतर्फ भलिबलका रवि केसी (बागलुङ), फुटबलका सुमित




श्रेष्ठ (कास्की) र क्रिकेटका सुवास भण्डारी (बागलुङ) रहेका छन् । वर्ष उत्कृष्ट प्रशिक्षकतर्फ आर्चरीका किशोरकुमार गुरुङ (स्याङ्जा), लनटेनिसका नीरज थापा (कास्की) र आइटिएफ तेक्वान्दोका सुरज सुनार (कास्की) छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकतर्फका विजेताले नगद रु ३५ हजारको साथमा ट्रफी पाउने छन् । यस्तै यस वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्याप्रसाद मर्सानीलाई प्रदान गर्ने घोषणा भइसकेको छ। उनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ । वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबतर्फका अवार्ड विजेताले नगद रु ३५ हजारको साथमा ट्रफी पाउने छन् । लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्युस्टन एजुकेसन, उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लबतर्फको पुरस्कार टाइगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए।

कार्यक्रमको थप आकर्षणका रूपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङ्जाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुति रहने मञ्चले जनाएको छ । यसैगरी भेटियो सान्नानी सोल्टी बजारमा गीतबाट थप चर्चामा आएका लोकदोहोरी गायक निश्चल दबाडीको गायन प्रस्तुति, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुति, डेमोस्ट्रेसनलगायत हुने जनाइएको छ । कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् गण्डकीलगायत सङ्घसंस्थासँगै विभिन्न सङ्घसंस्था एवं व्यक्तिको सहयोग रहेको मञ्चले जनाएको छ। विसं २०५७ मा खेलकुद पत्रकार मञ्च कास्की स्थापना भएको हो । देश सङ्घीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रूपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाका रूपमा विकास गरिएको छ। हाल ७४ पत्रकार मञ्चमा आबद्ध छन् । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड आयोजना गर्दै आएको छ।

# सुडानमा सातदिनसम्म युद्धविराम गर्ने सहमति

**जुबा ।** सुडानमा युद्धरत पक्ष भोलिदेखि लागू हुने गरी सातदिने युद्धविरामा गर्न सहमत भएका छन् । दक्षिण सुडानका राष्ट्रपति साल्भा किर मेयारदिटसँगको फोनवार्तामा युद्धरत समूहका नेताले उक्त सहमति गरेका हुन्

दक्षिण सुडानको विदेशमन्त्रालका अनुसार सुडानी सेना (एसएएफ) प्रमुख अब्देल फताह अल बुरहान र अर्धसैनिक बल र्‍यापिड सपोर्टं फोर्सेस (एसएएफ)प्रमुखले भोलि वैशाख २१ देखि २८ गतेसम्म युद्धविराम गर्न सहमति जनाएका हुन् । मन्त्रालयले जारी गरेको विज्ञप्तिमा दुवै पक्षले वार्ताका लागि आ-आफ्ना प्रतिनिधि खटाउन सहमति पनि जनाएका छन्।

दक्षिण सुडानका राष्ट्रपतिले लामो समयसम्म युद्धविराम हुनुपर्नेमा जोड दिँदै त्यसनिम्ति वार्ता अपरिहार्य भएको बताए । उनले दुवै पक्षलाई वार्ताको मिति प्रस्ताव गर्न आग्रह गर्नाका साथै दुवै समूहलाई मान्य हुने वार्तास्थल निर्धारण गरिने जानकारी दिएका छन्।

शीघ्र वार्ताका निम्ति प्रतिनिधिका नाम पठाउन पनि उहाँले आग्रह गरेका छन्।

व्यापार र विकासका लागि आठ अफ्रिकी देशको अन्तरसरकारी मञ्च (आइजि( जएडी)का प्रमुखसमेत रहेका दक्षिण सुडानका राष्ट्रपतिलाई युद्धरत पक्षलाई वार्ताको टेबलमा ल्याउन तथा युद्धविराम गराउन सम्बद्ध पक्षसँग वार्ता गर्न आइजि( जएडीले अधिकार प्रत्यायोजन गरेको



थियो । भीषण युद्धका कारण राजधानी खार्तुमलगायत सुडानको अवस्था भयावह बनेपछि आइजिएडीले युद्धविरामको पहल गरेको हो।

# आदिवासी क्षेत्रमा आठ जना मारिए



**ब्रासिलिया ।** उत्तरी ब्राजिलको आदिवासी क्षेत्रमा आठ जना मृत फेला परेका छन्। संरक्षित खानी क्षेत्रमा अवैध गतिविधि गर्नेहरूले उनीहरूलाई मारेको आशङ्का गरिएको छ।

जङ्गलभित्र गोप्य आधार शिविर बनाएर सुन खोज्ने र त्यस्ता अवैध गतिविधि हुन नदिनेबीचको झडपमा सर्वसाधारण मारिने गरेका छन् । सङ्घीय प्रहरीले सोराईस राज्यमा ती शव फेला पारिएको जनाउँदै अनुसन्धान जारी रहेको बताएको छ । यद्यपि प्रहरीले मृतकको परिचय सार्वजनिक गरेको छैन।

संरक्षित क्षेत्र र सुनखानी वरपर अवैध गतिविधि हुने गरेका छन् भने बेलाबेलामा सशस्त्र झडपसमेत हुने गरेका छन् । सुनखोज्नेसँगको झडपमा परी गत साता एक जना आदि( वासीसहित पाँच जनाको ज्यान गएको थियो।

भेनेजुएलाको सिमानामा रहेको वन क्षेत्रमा आदिवासी यानोमामीमा अवैध उत्खनन रोक्न र त्यहाँबाट अवैध गतिविधि गर्नेलाई हटाउन सेना र प्रहरीले गत फेब्रुवरीदेखि अभियान सञ्चालन गरेको छन्। सुरक्षाकर्मीलाई समेत आक्रम( णको निशाना बनाउँदै आएका आक्रमणकारीले यानोमामीमा बलत्कारलगायत जघन्य अपराध गरेको एक स्थानीय अगुवाले बताएका छन्।

# सैनिक सरकारद्वारा बन्दीलाई आममाफी



**याङ्गुन ।** म्यान्माको सैनिक सरकारले दुई हजार एक सय ५३ जना बन्दीलाई आममाफी दिएको छ। दुईवर्षअघि शासन व्यवस्था आफ्नो हातमा लिएको सेनाले आफ्ना विरोधीलाई धमाधम पक्रा गरेको थियो । सैनिक सरकारको विरोध गरेका ती बन( दीमध्ये केही रिहा हुन लागेका हुन् । आगामी शुक्रबार बुद्धपूर्णिमाको अवसरमा बन्दीलाई रिहा गरिनेछ । अधिकतम तीन वर्ष जेलसजाय भोगेकाहरूमध्येबाट ती बन्दी रिहा हुन लागेका हुन्। सैनिक सरकारको विरोध गरेको हजारौंलाई कारगारमा कोचिएको छ। सामान्यतया राष्ट्रिय पर्वका बेला म्यान्माले आममाफी घोष( णा गर्दै आएको छ।

चीनका विदेशमन्त्री छन गङको भ्रमणपछि आममाफीको घोषणा भएको हो।

मङ्लबार उनले सैनिक सरकारका वरिष्ठ अधिकारीहरूसँग बेग्लाबेग्लै भे( टवार्ता गर्नुभएको थियो। चीनले म्यान्माको सार्वभौमसत्ताको सबैले सम्मान गर्नुपर्नेमा जोड दिँदै शान्ति र मेलमिलापका निम्ति सहयोग गर्न बेइजिङ सधैं तत्पर रहने बताउँदै आएको छ। म्यान्मामा चीनको सहयोगमा विकास-निर्माणका धैरै पूर्वाधार परियोजना सञ्चालित छन्।

# क्रिकेट खेलाडीलाई जनही ६ लाख




**काठमाडौं ।** सरकारले एसीसी प्रिमियर कप क्रिकेट विजेता खेलाडीलाई जनही ६ लाख रुपैयाँ नगद पुरस्कार दिने भएको छ।

बुधबार बसेको मन्त्रिपरिषद बैठकले खेलाडीलाई जनही ६ लाख र अफिसियललाई जनही ३ लाख रुपैयाँ नगद पुरस्कार दिने निर्णय गरेको सरकार प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिइन् । मंगलबार भएको फाइनलमा यूएईलाई हराउँदै नेपाल एसीसी प्रिमियर कप विजेता बनेर एसिया कप क्रिकेटमा छनोट भएको थियो ।बैठकले कीर्तिपुर क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनका लागि आवश्यक रकमको व्यवस्था आगामी आर्थिक वर्षको बजेटमा गर्ने निर्णय पनि गरेको मन्त्री शर्माले बताइन्।

# भेटेरेनरी प्राविधिक जिन्सीमा, जीवन जल नहुँदा रेबिज भ्याक्सिन खरिद !

**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
पर्साको धोबिनी गाउँपालिकाका अध्यक्ष मदनप्रसाद चौहानले गाउँपालिकाका उपाध्यक्ष, वडाध्यक्ष र कार्यपालिका सदस्यहरुबाटै तालाबन्दी हुनु गलत रहेको बताएका छन् ।

वैशाख ८ गतेदेखि पालिकामा तालाबन्दी भएपछि सेवाग्राही समस्यामा परेको र पालिकाको कामकाज ठप्प भएको विषयमा अध्यक्ष चौहानले जनताले तालबन्दी गर्नु पर्नेमा जनप्रतिनिधिले नै तालाबन्दी गर्नु दुर्भाग्यपूर्ण रहेको बताए ।

उनले तालाबन्दी खालेर सहमतिका लागि सम्वाद गर्न आफू तयार रहेको तर उपाध्यक्षसहित वडाध्यक्ष र सदस्यहरु नमानिरहको बताए ।



पालिकामा जीवन जल नहुँदा झिंगा मार्ने र कुकुरको टोकाइविरुद्धको खोप किनेर २८ लाख रुपैयाँ हिनामिना गरेको, १५ कर्मचारीलाई निष्कासन गरेको, इन्धनमा ३५ लाख रुपैयाँ खर्च गरेको आरोपसहित उपाध्यक्षसहितको टोलीले पालिकाका तालबन्दी गरेका हुन् । यस्तै, वीरगंज बसेर अध्यक्ष, कार्यकारी र लेखा अधिकृतले बजेट सकाएको आरोप पनि लगाइएको छ । अध्यक्ष चौहानले १५ वटा बैठक बसेर सर्वदलीय सहमतिमै कर्मचारी निष्कासन गरिएको, इन्धन खर्च विवरणमा आफ्नो बदमासी नरहेको र २८ लाख रुपैयाँको औषधी खरिदको पनि छानबिन गर्न आफू तयार रहेको बताए ।

उनले तालाबन्दी खोलौं, सम्वाद गरौं, बदमासी नियन्त्रण गरौं भन्दा सहमतिमै भएको निर्णय उल्टाउन माग गर्दै तालाबन्दी गरिएको आरोप लगाए ।

चौहानले भेटेरेनरी प्राविधिक केशराज कुर्मीलाई पनि जिन्सी शाखाबाट हटाउन छलफलका लागि तयार भएको बताए । धोबिनी गाउँपालिकामा अध्यक्षसहित ३ जना जनता समाजवादी पार्टीका छन् भने अरु १० जना नेपाली कांग्रेसका जनप्रतिनिधि छन् । राजनीतिक द्वन्द्वले पनि पालिका समस्यामा परेको हो ।

# व्यापार समितिमा गुप्ता



**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
वीरगंज उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष डा. सुबोधकुमार गुप्ता नेपाल उद्योग वाणिज्य महासङ्घ अन्तर्गत गठित व्यापार समितिको सभापतिमा मनोनयन भएका छन् । महासङ्घको वैशाख ३ गते बसेको पहिलो कार्यकारिणी समिति बैठकले अध्यक्षलाई अख्तियारी प्रदान गरेबमोजिम डा. गुप्ता महासङ्घको व्यापार समिति सभापतिमा मनोनयन भएका हुन् ।

महासङ्घ अन्तर्गत गठित समितिहरुमध्ये महत्वपूर्ण समितिका रुपमा रहेको व्यापार समितिको सभापतित्वमा डा. गुप्ताको मनोनयनले यस क्षेत्रमा रहेका व्यापारसम्बन्धी मुद्दालाई महासङ्घमार्फत् राष्ट्रिय मुद्दाका रुपमा रुपान्तरण गरी समाधानको लागि पहल गर्न सहज भएको वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवाल बताए । व्यावसायिक क्रियाकलापमा पछिल्ला केही समयदेखि आएको शिथिलता, संकुचित हुँदै गइरहेको आन्तरिक बजार, बैंक तथा वित्तीय संस्थाका नियन्त्रणात्मक भूमिका र बढ्दो ब्याजदरले प्रभावित वाणिज्य क्षेत्रलाई तत्काल गतिशील र जीवन्त बनाउने दिशामा सरकार तथा सरोकारवाला क्षेत्रसँग समन्वयकारी भूमिका निर्वाह गर्नेतर्फ आफ्नो भूमिका केन्द्रित रहने डा. गुप्ताले बताए ।

# आइतबारदेखि आइसियु सञ्चालनमा ल्याइने



**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
नारायणी अस्पतालको बन्द रहेको २३ बेडको आइसियु वार्ड वीरगंज महानगरपालिकाको सहयोगमा सञ्चालनमा आउने भएको छ । महानगरपालिका प्रमुख राजेशमान सिंहले बुधबार अस्पताल अनुगमन गर्दै बन्द रहेको आइसियु वार्ड आउँदो आइतबारबाट पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन आवश्यक जनशक्ति सहयोग गरिने बताए ।

आइसियु. सञ्चालनमा ल्याउन २८ जना जनशक्ति आवश्यक पर्ने अस्पतालले जनाएको छ ।

यस्तै अस्पतालको प्रसुती गृहमा बिरामीलाई सहज सेवा प्रदानका लागि आवश्यक संरचना निर्माण गर्न पनि महानगरले आउँदो अर्थिक वर्षमा लगानी गर्ने महानगर प्रमुख सिंहले बताए ।

अस्पतालमा आउने बिरामीलाई उपचारमा कुनै कमी नराख्न पनि उनले चिकित्सक, स्वास्थ्यकर्मीलाई आग्रह गरे । अनुगमनमा पुगेका नगरप्रमुख सिंहलाई अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरन्जन साहले अस्पतालको समसामयिक विषयमा जानकारी गराएका थिए ।

अस्पताल निरीक्षणमा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, नगर प्रमुखका सल्लाहकारद्वय प्रकाश अमात्य, महेश दास, डा. सरोज कुमार सिंह, नर्सिङ प्रमुख हेमा थापालगायतको सहभागिता थियो ।

# प्रशासकीय अधिकृत चाँडै व्यवस्था गर : लोसपा

**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पोखरिया नगरपालिकाले विगत केही समयदेखि नगरपालिकामा आर्थिक अनियमितता मौलाएको, नगरपालिकाप्रमुखप्रशासकीयविहीन हुँदा सेवाग्राहीले दुःख पाएको भन्दै तत्काल प्रमुख प्रशासकीय अधिकृत व्यवस्थापन गर्न माग गरेको छ । लोसपाका नेता निजामोद्दिन समानीले पोखरिया नगरपालिकामा बुझाएको ज्ञापन पत्रमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कर्मचारीले लामो समयदेखि तलब खान नपाएको, विकास निर्माण ठप्प भएको, पोखरिया अस्पतालको औषधीलगायतको आवश्यक सामग्री खरिद नहुँदा बिरामीको उपचार प्रभावित भएको उल्लेख छ । ज्ञापनपत्रमा प्रमुख प्रशासकीय अधिकृत तत्काल व्यवस्थापन गरी ठप्प विकास निर्माण सुचारु नगरिए विकास बजेटसमेत फ्रिज हुने अवस्था देखिएकाले नगरपालिकाका जनप्रतिनिधि गम्भीर हुन माग गर्दै माग पूरा नभए संघर्षमा उत्रिने चेतावनी दिइएको छ ।

# काठमाडौँमा पक्राउ पुर्जी, अर्घाखाँचीमा प्रमुख अतिथि !




**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
प्रहरीले नेकपा एमालेका सचिव, सांसद एवम् पूर्व ऊर्जामन्त्री टोपबहादुर रायमाझी र उनका छोरा सन्दीप रायमाझीविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ ।

नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने धन( दामा संलग्नता देखिएपछि प्रहरीले रायमाझीका बाबुछोरालाई पक्राउ पुर्जी जारी गरेको हो । यस्तै, एमाले उपाध्यक्ष एवम् पूर्व गृहमन्त्री रामबहादुर थापा बा( दलका छोरा प्रतीक थापाविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

घटनामा नेपाल सरकारका सचिव टेकनारायण पाण्डेलाई प्रहरीले बुधबारै पक्राउ गरेको छ । पूर्व गृहमन्त्री बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई सोमबार समातिएका छन् ।

यसैबीच, नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएपछि पक्राउ पुर्जी जारी भएका नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी अर्घाखाँचीको एउटा कार्यक्रममा विशेष अतिथि बनेर सहभागी भएका छन् । उनी अर्घाखाँचीको महेन्द्र विद्यावोध माध्यमिक विद्यालयको हिरक महोत्सवको उद्घाटन समारोहमा विशेष अतिथि बनेर सहभागी भएका हुन् ।

# 'मुख्यमन्त्रीको कार्यक्रममा सिडिओ र एसपी नै आउँदैनन्'

**मधेशदृष्टि**
**रौतहट, २० वैशाख ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवले जनशक्ति भए प्रदेशको अपराध २४ घण्टाभित्र नियन्त्रण गर्ने उद्घोष गरेका छन् ।

विश्व प्रेस स्वतन्त्रता दि( वसमा नेपाल पत्रकार महासंघ रौतहटले चन्द्रनिगाहपुरमा गरेको मधेश प्रदेश सञ्चार सम्मेलनमा मुख्यमन्त्री यादवले प्रदेश सरकारसँग आफ्नै प्रहरी भए २४ घण्टाभित्र सिङ्गो प्रदेशको अपराध नियन्त्रण गर्ने दाबी गरे ।

मधेश प्रदेश सरकारसँग आफ्नो प्रहरी तथा सुरक्षाकर्मी नभएको बताउँदै मुख्यमन्त्री यादवले संघ सरकारले यस्तो संवेदनशील विषयमा कहिल्यै ध्यान नदिएको गुनासो गरे । 'मधेश प्रदेशमा जुनदिन जुन ठाउँमा मुख्यमन्त्रीको कार्यक्रम हुन्छ, त्यहीदिन त्यस ठाउँका सिडिओ र एसपीको अन्तै मिटिङ हुन्छ,' मुख्यमन्त्री यादवले भने, 'मुख्यमन्त्रीको कार्यक्रममा सिडिओ र एसपी सहभागी हुनसमेत चाहँदैनन् ।'




मुख्यमन्त्री यादवले संघ सरकारबाट कुनै पनि हालतमा भ्रष्टाचार नियन्त्रण हुननक्ने टिप्पणी गरे

मुख्यमंत्री यादवले मधेश प्रदेश पत्रकार महासंघका नाममा एक करोड २५ लाख रुपैयाँ दिएर अक्षयकोष स्थापना गराउने प्रति( वद्धता जनाए ।

कार्यक्रममा तारानाथ दाहाल, प्रतिनिधिसभा सदस्य देव प्रसाद तिमलसिना, प्रदेश सांसद समीर भट्टराई, कनिसा पटेल, गरुडाका मेयर कन्थमनि जैसवाल, माधव नारायणका मेयर बैजुनाथ यादव, कटहरियाका मेयर जयप्रकाश जैसवाल, नेपाल पत्रकार महासंघको केन्द्रीय सचिव दीपेन्द्र चौहान, सदस्य केसी लामिछाने, शिव पुरी, मधेश प्रदेश अध्यक्ष राजेश कर्ण, सदस्य फणि महत, रौतहट सभापति प्रेमचन्द्र झा, धनुषा सभापति मनिका झालागायतका वक्ताले प्रेस स्वतन्त्रता पत्रकारका लागि मात्र नभई लोकतन्त्रको गहना रहेको विचार राखेका थिए ।

कार्यक्रममा बाराका गम्भीरा सहनी, सप्तरीका व्यास शंकर उपाध्याय, सिरहाका दिनेश्वर गुप्ता, धनुषाका विश( वमणि खनाल, प्रेस काउन्सिल सदस्य पर्साका लालबाबु शेख, सर्लाहीका शंकर श्रेष्ठ, रौतहटका शिव पुरी, महोत्तरीका दशरथ भण्डारी, प्रदेशका संस्थापक अध्यक्ष दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, ललिता साह, सुभाष साहलगायतलाई दोसाला सम्मान गरिएको थियो ।

# ट्राफिक सचेतना कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रिनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरको आयोजनामा बुधबार ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम भएको छ ।

ट्राफिक सचेतनासम्बन्धी जनचेतनामूलक पर्चा पम्पलेट वितरण तथा अन्तरक्रिया कार्यक्रम भएको हो । ग्रिनसिटी सामुदायिक केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रहरी चौकी आदर्शनगरका इन्चार्ज राम सेवारथ यादव, छन्नु चौधरी, रामरतन मण्डल, राकेश अग्रवाल, सुशिल कादमिया, रतन टेमानी, बसन्त उपाध्यायलगायतको सहभागिता थियो ।



# पाँच क्वीन्टल गाँजासहित दुई रिजाल पक्राउ

**मधेशदृष्टि**
**हेटौँडा, २० वैशाख ।**
मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर-४ कटुन्जेबाट ५ सय ११ किलो गाँजासहित दुई जना पक्राउ परेका छन् ।

कटुन्जेका ४२ वर्षीय राधाकृष्ण रिजाल र ३८ वर्षीय उत्तम रिजाललाई बुधबार बिहान गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीले उत्तमको घरबाट ६ बोरा र राधाकृष्णको घरबाट १२ बोरा गाँजा फेला पारेको हो । उत्तमको घरबाट १ सय ८४ किलो एक सय ग्राम र नगद ५५ हजार ३ सय ६५ रुपैयाँ तथा राधाकृष्णको घरबाट ३ सय २७ किलो आठ सय ग्राम गरी ५ सय ११ किलो गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# किन यस्तो क्रुर हुँदै गयो समाज ?

*युवकको हात खुट्टा पनि बाधिँएको थियो । मुखमा माटो कोचिएको थियो । अझ घिनलाग्दो त यो देखिएको थियो कि, युवकको गुप्तांगमा डोरी बाँधेर घिरौलाको बोटमा बाँधिएको थियो । मान्छे कति आपराधिक र बदलाभावमा उत्रिन थाले ?*

**मधेशदृष्टि**
**वीरगंज, २० वैशाख ।**
बाराको सिम्रौनगढमा एक युवकको बेवारिसे शव भेटिएको छ । शवको हुलिया हेर्दा भन्न सकिन्छ कि यो क्रुर निर्मम हत्या गरी फालिएको शव हो ।

सिम्रौनगढ नगरपालिका वडा नम्बर ७ स्थित झवानी र खजानी टोलबीच बुधबार बिहान युवकको शव फेला परेको हो । बोर्डरभन्दा ७ कलोमिटर उत्तरतर्फको सडक छेउमा रहेको घिरौलाको खेतमा युवकको शव भेटिएको हो । युवको परिचय खुल्न बाँकी छ । तर हत्याको हुलिया हेर्दा मानिसमा मानवता हराउँदै गएको देखिन्छ । हो, हत्या आवेशमा गरिन्छ । झडपमा गरिन्छ । मान्छे रिसको सिकार भएपछि हत्याहिंसामा उत्रन्छ । तर जब कसैको ज्यान हरण हुन्छ, त्यसपछि अपराध लुकाउन लाग्छ, भाग्न थाल्छ, पश्चात्ताप हुन्छ कि, अपराध कसरी लुकाउने ? तर मान्छे यति आवेगमा पुग्न थाले कि मरेपछि पनि अनेक बदनाम गराउन पछि पर्दैनन् । यही युवकको शब घिरौलाको बोटमा बाँधिएको थियो । त्यति मात्र होइन, युवकको हात खुट्टा पनि बाधिँएको थियो । मुखमा माटो कोचिएको थियो । अझ घिनलाग्दो त यो देखिएको थियो कि, युवकको गुप्तांगमा डोरी बाँधेर घिरौलाको बोटमा बाँधिएको थियो । मान्छे कति आपराधिक र बदलाभावमा उत्रिन थाले ? मरेपछि पनि यस्तो बदनाम गरेर फरार हुनेहरुलाई डर हुनु पर्ने हो, ढिलोचाँडो प्रहरीले समात्छ नै । प्रहरीले शवको मुचुल्का गरी पोर्ष्टमार्टमका लागि कलैया अस्पताल पठाएको छ र हत्यामा संलग्नहरु खोजिरहेको छ ।

## पानी जमेको खाल्डोमा डुबेर शिशुको मृत्यु

पानी जमेको खाल्डोमा डुबेर पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर ५ विरञ्चीवर्वामा १२ महिने शिशुको मृत्यु भएको छ । कालिकामाई गाउँपालिका वडा नम्बर ५ वीरञ्चीबर्वास्थित चापाकलको पानी जमेको खाल्डोमा डुबेर नाबालकको मृत्यु भएको हो । पर्साको जिराभवानि गाउँपालिका वडा नम्बर ३ परसवा बस्ने रसलिला महतो केवटको १२ महिने छोरा खेल्ने क्रममा अचानक पानी जमेको खाडलमा डुबेको र उपचारक्रममा पोखरिया अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्र( वक्ता एवम् डिएसपी निर्मल बुढाथोकीले जानकारी दिए ।

# आत्महत्या दुरुत्साहन मुद्दामा ६ विरुद्ध जाहेरी

**मधेशदृष्टि**
**चितवन, २० वैशाख ।**
चितवनका पोल्ट्री व्यवसायी शंकर कँडेल मृत्यु प्रकरणमा उनका परिवारले ६ जनाविरुद्ध आत्महत्या दुरुत्साहनको उजुरी दिएका छन् ।

मानसिक यातनाका कारण कँडेलले आत्महत्या गरेको भन्दै आत्महत्या दुरूत्साहन मुद्दामा उनको परिवारले प्रहरीमा किटानी जाहेरी दिएको नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले जानकारी दिए ।

उनका अनुसार कँडेलले सुसाइड नोटमा नाम उल्लेख गरेका ६ जनाविरूद्ध आत्महत्या दुरूत्साहनको मुद्दामा किटानी जाहेरी दिइएको छ ।

अनमोल फिड कम्पनीको ८५ प्रतिशत शेयर खरिद गरेका व्यवसायी प्रदीप रुङ्गटा र कम्पनीमा कार्यरत चार्टर्ड एकाउन्टेन्ट जीवन रावल लगायतविरुद्ध किटानी जाहेरी परेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । भरतपुर महानगरपालिका ३, बेलचोकस्थित आफ्नै कार्यालयमा मंगलबार साँझ झुण्डिएको अवस्थामा कँडेल मृत फेला परेका थिए । त्यहीँ उनको सुसाइड नोटसमेत फेला परेको थियो ।

केहीमहिना अघि कँडेलले आफ्नो नेतृत्वको अनमोल फिड्समा संकट देखिएपछि केही शेयर बाँकी राखेर ८५ प्रतिशत शेयर प्रदीप रुङ्टालाई बेचेका थिए । शेयर बिक्रीपछि आन्तरिक हिसाब मिलानका क्रममा रुङ्गटा र रावलले मानसिक दबाब दिएको उनको सुसाइट नोटमा उल्लेख भएको प्रहरीको भनाइ छ ।

उजुरीपछि उनीहरूको खोजी थालेको प्रहरीले जनाएको छ । यसैबीच नेपाली कांग्रेस चितवन सभापति खनालले बुधबार विज्ञप्ति जारी गर्दै यो घटनाको न्यायिक छानबिन गर्न माग गरेका छन् ।

उनले जारी गरेको विज्ञप्तिमा कँडेलको हस्ताक्षर भएको नोटमा उल्लेखित पात्र, प्रवृत्ति र वर्तमान आर्थिक अवस्थाको गम्भीर संकेत गरेको भन्दै सम्वेदनशील भई राज्यको तर्फबाट घटनाको छानबिन गर्न माग गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन